भूकम्पबाट जोगिन सचेत बनौं
❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।
भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily
दैनिक
Website : www.onlinemajdoor.com

भक्तपुर आदर निकेतन
च्याम्हासिंह, भक्तपुर-९
फोन नं.०१-६६१४६८६, ९८४१११३९६५, ९७६३६०५४३७
कर्मचारी आवश्यकतासम्बन्धी सूचना
यस संस्थाको लागि एक जना कार्यालय सहयोगी आवश्यक भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले कार्यालय समयभित्र संस्थाको फारम भरी दर्खास्त दिनुहुन अनुरोध गर्दछ ।
आवश्यक योग्यता
पद : कार्यालय सहयोगी
पद सङ्ख्या : १
शैक्षिक योग्यता : : ८ कक्षा उत्तीर्ण
उमेर : १८ वर्ष माथि र ४५ वर्ष ननाघेका
अन्तिम दर्ता मिति : २०८२ फागुन ०८ गतेसम्म
दर्ता शुल्क : २००/-

★ वर्ष : २८ ★ अङ्क : १४ ★ ने. सं. ११४६ शिल्ला गा, पञ्चमी ★ शुक्रबार ★ २३ माघ, २०८२ ★ February 6, 2026, Friday ★ मूल्य रु.५/- ★ पृष्ठ ८

## देश र जनताको नि:स्वार्थ सेवा गर्ने नेमकिपाको विचार नयाँ हो




काभ्रे २२, माघ । नेपाल मजदुर किसान पार्टी काभ्रेको आयोजनामा बिहीबार काभ्रे जिल्लाको पनौतीमा कार्यकर्ता भेला सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले राजनीतिक दल आदर्श समाज निर्माणको लागि गठन र स्थापना हुने उल्लेख गर्दै नेमकिपा सबैलाई शिक्षा, स्वास्थ्य, रोजगारी, आवाससहितको शोषण नहुने आदर्श समाज निर्माणको लागि स्थापना भएको स्पष्ट पार्नुभयो ।

उहाँले राजनीति देश र जनताको नि:स्वार्थ सेवाको लागि हुनुपर्ने चर्चा गर्दै पार्टीले जनतालाई देश र बाँकी संसारबारे सचेत र शिक्षित पार्ने काम गरिरहेको बताउनुभयो ।

पटक पटक निर्वाचन जितेर सरकारमा पुगेका शासक दलहरूले जनताको पक्षमा काम नगरेको उल्लेख गर्दै उहाँले सडक र सदनमा देश र जनताको हितका विषयमा आवाज उठाउने नेमकिपा नै नयाँ भएको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् काभ्रे जिल्ला समितिका अध्यक्ष कृष्णकुमार वैद्यले निर्वाचन पनि वर्गसङ्घर्ष तथा घोषणापत्रको लडाइँ भएको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सृजना सैँजूले देश र जनताको सेवाबाहेक नेमकिपाको अरु केही स्वार्थ नरहेको स्पष्ट पार्दै नेपाल मजदुर किसान पार्टीको अहिलेको लडाइँ देशलाई नवउपनिवेश बनाउने एमसीसीवादीहरूविरुद्ध रहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीको तर्फबाट काभ्रे जिल्ला क्षेत्र नं १ का उम्मेदवार राजु तामाङले निर्वाचनलाई उपयोग गरेर पार्टीले देश र जनताको नि:स्वार्थ सेवा गर्ने बताउनुभयो ।

## ख्वप कलेज अफ इन्जिनियरिङको गुणस्तर सुनिश्चितता तथा प्रत्यायनअन्तर्गत गुणस्तर परीक्षण भ्रमण प्रतिवेदनमा हस्ताक्षर



भक्तपुर, २२ माघ । विश्वविद्यालय अनुदान आयोगको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायान परिषद्‌बाट ख्वप कलेज अफ इन्जिनियरिङको गुणास्तर तथा सुनिश्चितता प्रत्यायन (क्यु.ए.ए.) प्रक्रियाअन्तर्गत बिहीबार आयोग र कलेजबिच गुणस्तर परीक्षण भ्रमण प्रतिवेदनमा हस्ताक्षर कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ नगरपालिकाद्वारा सञ्चालित कलेज भए पनि देशको लागि आवश्यक जनशक्ति निर्माण गर्ने प्राविधिक शिक्षालयको रूपमा सञ्चालन रहेको उल्लेख गर्दै कलेजको उद्देश्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्‌सँग प्रतिस्पर्धी विद्यार्थीहरू तयार गर्नु हो भन्नुभयो ।

कलेजले पाठ्यपुस्तक अध्ययन गराउने मात्र नभई अनुसन्धानलाई पनि प्राथमिकता दिँदै आएको विचार व्यक्त गर्दै उहाँले नेपालमा विश्वविद्यालय शिक्षा बेरोजगारको प्रमाणपत्र वितरण गर्ने केन्द्र मात्र बनिरहेको स्पष्ट पार्नुभयो ।

विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या बढिरहेको तर नेपालका धेरै कलेजहरू विद्यार्थी अभावमा बन्द हुने अवस्था पुगेकोमा चिन्ता व्यक्त गर्दै प्रमुख प्रजापतिले भक्तपुर नपाले सबै युवालाई विश्वविद्यालय शिक्षासँगै हातमा सीप दिनुपर्छ भन्ने भावनाले काम गर्दै आएको बताउनुभयो ।

उहाँले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियाको क्रममा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त सुझावलाई सुधार गर्दै कलेज अगाडि बढ्ने प्रतिबद्ध रहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले विश्वविद्यालय अनुदान आयोगको निर्देशनलाई कलेजले कानुनकै रूपमा अङ्गीकार गरेको बताउँदै क्युएएको प्रतिवेदन कलेजको लागि मार्गदर्शन नै भएको र यसमा समावेश विषयवस्तु अक्षरश: पालना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोग Peer review team का संयोजक प्रा.डा. जीवराज पोखरेलले उच्च शिक्षाको गुणस्तर विभिन्न ८ वटा मापकको आधारमा मूल्याङ्कन हुने उल्लेख गर्दै कुनै पनि अध्ययन संस्थानको प्राण भनेको अनुसन्धानको पाटो हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजको कार्यसम्पादन उच्च कोटी रहेको बताउँदै उहाँले कलेजबाट भएका विभिन्न गतिविधिहरूको अनुगमन

बाँकी पृष्ठ ८ मा

## जनतालाई विश्वासघात नगर्ने र धोका नदिने पार्टी जहिल्यै नयाँ हुन्छ




भक्तपुर, २२ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेमकिपा सूर्यविनायक नगर समितिले बुधबार प्रवचन कार्यक्रमको आयोजना गर्‍यो । कार्यक्रममा आसन्न निर्वाचनबारे पनि छलफल भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले ५२ वर्षको राजनीतिक सङ्घर्षमा नेमकिपाले देशभक्त पार्टीको रूपमा आफूलाई उभ्याउन सफल भएको धारणा राख्नुभयो । उहाँले देशमा भ्रष्टाचारमा नमुछिएको एउटै मात्र अनुशासित र इमानदार पार्टी नेमकिपा भएको चर्चा गर्दै भ्रष्टाचार गरेर र जनतालाई धोका दिएर सङ्ख्याको दम्भ देखाउने शासक दलहरूका कारण जनताले दु:ख पाइरहेको बताउनुभयो ।

"जनतालाई विश्वासघात नगर्ने र धोका नदिने पार्टी जहिल्यै नयाँ हुन्छ; देश र जनतालाई झूटा आश्वासन दिने र घात गर्नेहरू पुराना हुन्," उहाँले भन्नुभयो ।

सडक र सदनमा देश र जनताको हितमा सङ्घर्ष गर्दै आएको पार्टीको इतिहासबारे चर्चा गर्दै उहाँले संसद्‌मा सरकारमा जाने दलहरूभन्दा पनि सरकारलाई खबरदारी गर्ने बलियो प्रखर चुनाव चिह्न मादलमा मतदान गर्न जरुरी रहेको बताउनुभयो ।

नेमकिपाको तर्फबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार रमेश वैद्यले स्थापनाकालदेखि नेमकिपाले सिद्धान्तमा अडिग रही देश र जनताको नि:स्वार्थपूर्वक सेवा गरिरहेको बताउनुभयो ।

देश जोगाउन, शिक्षा र स्वास्थ्य गरिब जनताको पहुँचमा पुऱ्याउन, स्वदेशमै युवाहरूलाई स्वरोजगारको व्यवस्था गर्न लागिपरेको स्पष्ट पार्दै उहाँले भन्नुभयो, "निर्वाचन घोषणापत्रको लडाइँ हो । पार्टीले घोषणापत्रमा वाचा गरेअनुसार काम गर्छ ।"

उहाँले देशका ठुला र पटक-पटक सरकारमा पुगेका सत्तासीन दलका नेताहरूले देशलाई भ्रष्टाचारमुक्त बनाउन लाग्नुपर्नेमा उल्टो भ्रष्टाचारीहरूकै पक्षपोषणमा लागिरहेको बताउनुभयो ।

नेमकिपा सूर्यविनायकका सचिव महेन्द्र बखुन्छेँले नेमकिपा स्थापनाको

बाँकी पृष्ठ ८ मा

## जनताको हितमा कानुन बनाउनुपर्ने

कैलाली, २२ माघ । कैलाली लम्कीचुहा नपा ४ अमरपुर टोलमा नेमकिपाको आयोजनामा पार्टीको ५२ औँ स्थापना दिवस मनाइयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेपालमा जतिसुकै दलहरू भए तापनि बसिखाने वर्गको हितमा काम गर्ने दल र काम गरी खाने वर्गको हितमा काम गर्ने दलको लडाइँ भएको हुनाले राजनीतिमा सचेत र सङ्गठित भई लाग्न अनुरोध गर्नुभयो ।

गगन थापामगरले आम जनताको हितमा कानुन बनाउन र राजनीति अध्ययन गरी सच्चा दल छुट्याउन सक्ने कार्यकर्ता बन्न नेमकिपाले २०३१ माघ १० गते स्थापना भएको जानकारी दिनुभयो । जानकी शाहीले नेमकिपाले उठाएको एजेन्डा स्पष्ट र काम गरिखाने वर्गको राज्य स्थापना गर्न पार्टी स्थापना भएको विचार व्यक्त गर्नुभयो ।

### व्यङ्ग्यचित्रको कुनो






**ट्राफिक प्रहरीले नियन्त्रणमा लिएका नौ वटा बस**

चेकिङको क्रममा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको टोलीले बाटो इजाजत अनुसारको गन्तव्यसम्म नगई जथाभावी पार्किङ गरेर राखेको नियन्त्रणमा लिई बग्गीखानामा राखेको नौ वटा लामो दूरीका रात्रिकालीन सेवाका बस । *तस्बिर: विमलबहादुर विष्ट /रासस*

# दल र उम्मेदवारले २५ हजारभन्दा बढी नगद सहयोग लिन नपाउने, पुराना खाताको रकम नयाँमा सार्नुपर्ने

काठमाडौँ, २२ माघ । निर्वाचन आयोगले निर्वाचन खर्चलाई पारदर्शी र मितव्ययी बनाउन 'प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचार-प्रसार बैङ्क खाता ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२' स्वीकृत गरेको छ । आयोगले यही मङ्गलबार स्वीकृत गरेको यो कार्यविधि प्रतिनिधिसभा सदस्य निर्वाचनमा राजनीतिक दल र उम्मेदवारबाट हुने प्रचारप्रसार खर्चलाई नियन्त्रण, निगरानी र अनुशासित बनाउने उद्देश्यले ल्याइएको जनाइएको छ ।

कार्यविधिअनुसार अब निर्वाचनको प्रचारप्रसारका लागि राजनीतिक दल र उम्मेदवारले अनिवार्य रूपमा छुट्टै बैङ्क खाता खोल्नुपर्ने छ । त्यसका लागि राजनीतिक दलले आयोगको सचिवालयमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । निवेदनसँगै दलको आधिकारिक पत्र, उम्मेदवारको उम्मेदवारी निस्सा वा परिचयपत्र, सम्बन्धित बैङ्कको दस्तखत नमुना कार्ड र खाता सञ्चालकको नागरिकता प्रमाणपत्र पेस गर्नुपर्नेछ ।

आयोग वा निर्वाचन कार्यालयले कागजात जाँच गरी सिफारिस गरेपछि मात्र बैङ्क तथा वित्तीय संस्थाले खाता खोल्नेछन् । खाता खुलेको जानकारी आयोग, निर्वाचन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रूपमा दिनुपर्नेछ ।

कार्यविधिअनुसार राजनीतिक दलको हकमा दलले तोकेका बढीमा दुई जना पदाधिकारीको संयुक्त दस्तखतबाट मात्र खाता सञ्चालन गर्न पाइनेछ । उम्मेदवारको हकमा भने उम्मेदवार स्वयं वा उसले अख्तियारी दिएको व्यक्तिको एकल वा बढीमा दुई जनाको संयुक्त दस्तखतबाट खाता सञ्चालन गर्न सकिनेछ । यस्तै, निर्वाचन प्रचार-प्रसारसम्बन्धी सबै आम्दानी र खर्च नेपाली मुद्रामै गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

स्वेच्छिक आर्थिक सहयोग, प्रचारप्रसारका क्रममा हुने खर्च, चेक, ड्राफ्ट, टिटी वा विद्युतीय माध्यमबाट गरिने भुक्तानी सबै बैङ्क खातामार्फत गर्नुपर्नेछ ।

राजनीतिक दल र उम्मेदवारहरूले रू २५ हजार भन्दा बढीको सहयोग नगदमा लिन पाइने छैन । यस्तो रकम सोझै बैङ्क खातामा जम्मा गर्नुपर्नेछ । रु. २५ हजारभन्दा कम रकमका हकमा भने नगद रसिद वा भरपाई काटी खातामा जम्मा गर्न सकिने व्यवस्था गरिएको छ ।

कार्यविधिले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ अनुसार निषेधित निकाय र व्यक्तिबाट आर्थिक सहयोग लिन कडाइका साथ प्रतिबन्ध लगाएको छ । नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका निकाय, सरकारी स्वामित्व वा नियन्त्रणमा रहेका संस्थाहरू, सार्वजनिक शेयर भएको पब्लिक लिमिटेड कम्पनी, सरकारी वा सामुदायिक शैक्षिक संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विदेशी सरकार वा व्यक्ति, नाम नखुलेका व्यक्ति वा संस्था तथा आयोगले तोकेका अन्य संस्थाबाट सहयोग लिन पूर्ण रूपमा निषेध गरिएको छ ।

कार्यविधिमा रु. एक लाखभन्दा बढी सहयोग लिँदा सहयोग दिने व्यक्ति वा संस्थाको नाम, ठेगाना, पेशा, स्थायी लेखा नम्बर, रकमको स्रोत तथा करसम्बन्धी विवरण अनिवार्य रूपमा खुलाउनुपर्ने व्यवस्था गरिएको छ ।

कार्यविधि लागू हुनुअघि खोलिएका निर्वाचन खर्चसम्बन्धी बैङ्क खातामा रहेको रकम अब नयाँ कार्यविधिअनुसार खोलिएको खातामा सार्नुपर्ने छ । "राजनीतिक दल वा उम्मेदवारले यो कार्यविधि लागू हुनुभन्दा अघि निर्वाचन प्रचारप्रसार गर्ने प्रयोजनका लागि बैङ्क खाता खोली प्राप्त गरेको रकम यस कार्यविधिबमोजिम खोलिएको बैङ्क खातामा सार्नुपर्नेछ", कार्यविधिमा भनिएको छ ।

निर्वाचन सम्पन्न भएपछि दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसार खर्चको विवरण सार्वजनिक गरी सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनुपर्नेछ । सो विवरणको प्रतिवेदन तयार भएको ३५ दिनभित्र बैङ्क खाता बन्द गर्न लगाइने छ, तर खाता विवरण भने छ वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यवस्था गरिएको छ । दल खारेज भएमा वा उम्मेदवारी रद्द भएमा आयोगले जुनसुकै समयमा खाता बन्द गराउन सक्नेछ ।

कार्यविधिले राजनीतिक दल र उम्मेदवारले चुनावमा गरेको खर्च अनुगमनको जिम्मेवारी कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) प्रमुखलाई दिएको छ । निर्वाचन आचारसंहिता अनुगमन अधिकृतका रूपमा कोलेनिका प्रमुखले यस्तो निगरानी गर्नेछन् । अनुगमनमा सरकारी कर्मचारी वा सार्वजनिक सम्पत्तिको दुरूपयोग भए-नभएको, निषेधित निकायबाट सहयोग लिइएको-नलिइएको, खर्च सीमा नाघिएको-ननाघिएको, निषेधित कार्यमा खर्च गरिएको-नगरेकोलगायत विस्तृत विवरण सङ्कलन गरिनेछ ।

बैङ्क खातासम्बन्धी कागजात र विवरणलाई प्रचलित कानुनबमोजिम गोप्य र अनतिक्रम्य मानिने व्यवस्था गरिएको छ, तर निर्वाचन आयोग वा आयोगले अधिकार दिएको अधिकारीले आवश्यक ठानेमा खाता जाँच वा परीक्षण गर्न सक्ने स्पष्ट प्रावधान राखिएको छ ।

यसअघिका निर्वाचनमा प्रचारप्रसार खर्चको स्रोत, परिमाण र प्रयोगबारे गम्भीर प्रश्न उठ्दै आएको थियो । स्वेच्छिक सहयोगको नाममा अपारदर्शी लेनदेन, नगद खर्च, निषेधित निकायबाट सहयोग लिने अभ्यास र खर्च सीमा नाघ्ने प्रवृत्तिले निर्वाचनको निष्पक्षता र सुशासनमा चुनौती थप्दै आएको थियो । यही सन्दर्भमा निर्वाचन आचारसंहिता, २०८२ को दफा १६ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र निर्वाचनलाई व्यवस्थित तथा मर्यादित बनाउन आयोगले यो कार्यविधि लागू गरेको जनाएको छ । ***(रासस)***

# अन्तर्राष्ट्रिय 'डेरी एक्स्पो' माघ २५ देखि २९ गतेसम्म : मुख्य आकर्षक गाई

चितवन, २२ माघ । यही माघ २५ गतेदेखि यहाँ हुन लागेको अन्तर्राष्ट्रिय डेरी एक्स्पोको मुख्य आकर्षकको रूपमा गाई प्रदर्शनी हुने भएको छ । 'डेरी उद्योगमा प्रविधि अर्थतन्त्रमा समृद्धि' भन्ने मूल नाराका साथ सुरु गर्न लागिएको एक्स्पोमा उन्नत जातको गाई प्रदर्शनी हुन लागेको हो । व्यावसायिक रूपमा राम्रो नश्ल भएको गाई कहाँ पाइन्छ र यसबाट हुने फाइदा के हो भन्ने बारेमा किसानलाई जानकारी दिनका लागि गाई प्रदर्शनी गर्न लागिएको चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले जानकारी दिनुभयो ।

चितवनसहित अन्य जिल्लामा पालिएका राम्रो नश्ल भएका गाई ल्याएर प्रदर्शनी गरिनुका साथै ती गाईको बारेमा बुझाइने उहाँले बताउनुभयो । उहाँका अनुसार माघ २९ गतेसम्म चल्ने डेरी एक्स्पोका अन्य आकर्षणमा मानव स्वास्थ्यमा दुग्धजन्य पदार्थको आवश्यकता र महत्त्व विषयक वक्तृत्वकला प्रतियोगिता, दूध उत्पादनको वर्तमान अवस्था बजारको समस्या र समाधानका उपायसम्बन्धी अन्तरक्रिया गरिने छ । यसमा पशुपालनमा देखिने रोग र उपचार विधि, दूधको गुणस्तरीय उत्पादन र उत्पादकत्व वृद्धिको लागि प्रविधिको प्रयोग, दुग्ध क्षेत्रको वर्तमान अवस्था र चुनौती तथा नीतिगत व्यवस्था र राज्यसँगको अपेक्षा लगायतका विषयमा छलफल हुने उहाँले जानकारी दिनुभयो ।

यस प्रदर्शनीमा नेपाल र भारत गरी १२० दुग्ध उत्पादक र प्रविधि कम्पनी सहभागी हुने बिहीबार यहाँ पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिइयो । चितवन उद्योग सङ्घको प्रदर्शनी केन्द्रमा हुन लागेको प्रदर्शनीमा डेरी उत्पादन, प्रक्रिया र वितरणमा नविनतम प्रविधि र अभ्यासलाई प्रोत्साहित गर्दै साना किसान, उद्योगी र व्यापारीलाई व्यवसायिक सञ्जालमा जोड्न टेवा पुग्ने अध्यक्ष बगालेले बताउनुभयो ।

प्रदर्शनीमा ५० हजार दर्शकले अवलोकन गर्ने र रु. पाँचदेखि सात करोड बराबरको कारोबार हुने अनुमान गरिएको छ ।

# नेमकिपा स्थापना दिवसको अवसरमा कार्यकर्ता भेला

भक्तपुर, २२ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवस नेमकिपा भनपा ९ दत्तात्रय समितिको आयोजनामा मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नेपाल कम्युनिस्ट पार्टीभित्र देखिएको संशोधनवाद, अवसरवाद र खोटा विचारको कारण नेपाल मजदुर किसान पार्टी स्थापना भएको बताउँदै सोभियत सङ्घ सामाजिक साम्राज्यवादमा पतन, भारतले मुक्ति बाहिनी पठाई बङ्गलादेश टुक्रा गरेको, किसान आन्दोलन, मुख्य शत्रु को ?, अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीविरुद्ध सङ्घर्षमा मतभेद भएपछि नेपाल मजदुर किसान पार्टी स्थापना भएको बताउनुभयो ।

उहाँले मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा मार्ग निर्देशक पार्टीको सिद्धान्त भएको र तत्कालीन कार्यक्रम जनताको प्रजातन्त्र हुँदै समाजवाद र साम्यवाद पुग्ने लक्ष्य नेमकिपाको भएको बताउनुभयो । उहाँले लेनिनवादी सिद्धान्तअनुसार पार्टीले चुनाव उपयोग गरेको बताउनुभयो ।

नेमकिपा भनपा ९ का अध्यक्ष कृष्णभक्त लवजुले पार्टीको घोषणापत्र, सिद्धान्त र विचारको आधारमा मत माग्नुपर्ने बताउनुभयो । उहाँले वर्गसङ्घर्षबिना आमूल परिवर्तन सम्भव नहुने बताउनुभयो ।

नेमकिपा भनपा ९ दत्तात्रय समितिका अध्यक्ष नातिभाइ ह्योम्बाको सभापतित्वमा सम्पन्न कार्यक्रममा इन्द्रबहादुर प्याथ र रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

# शुभेच्छाको २० औँ स्थापना दिवस

भक्तपुर, २२ माघ । भक्तपुरको सूर्यविनायकस्थित शुभेच्छा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २० औँ स्थापना दिवस विविध कार्यक्रमका साथ सम्पन्न भयो ।

कार्यक्रममा निवर्तमान अध्यक्ष पुरुषोत्तम ग्वाछ्वाले सदस्यहरूको विश्वास र सहयोगकै कारण सहकारी यस अवस्थासम्म आइपुगेकोमा खुसी व्यक्त गर्दै उपस्थित सबैलाई स्वागत गर्नुभयो । उहाँले संस्थाले भवन निर्माणको तयारी गरिरहेको जानकारी गराउनुभयो ।

संस्थाका सल्लाहकार पुण्यराम सुवालले सहकारीले सदस्यहरूको मन जित्न सफल भएको उल्लेख गर्दै आगामी दिनमा अझ प्रभावकारी र अनुशासित ढङ्गले अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

जिल्ला बचत सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले सहकारी आर्थिक नीतिको तेस्रो खम्बा भए पनि केही सहकारीबाट ठुलो मात्रामा ठगी भएको घटनाप्रति चिन्ता व्यक्त गर्नुभयो ।

उहाँले सूर्य थापाको संयोजकत्वमा गठन गरिएको सहकारी अध्ययन कार्यदलले ११२४ पृष्ठको प्रतिवेदन सरकारलाई बुझाइसकेको जानकारी दिँदै प्रतिवेदनअनुसार सुधार आवश्यक भए पनि केही सहकारीलाई दबाब दिने शैलीमा सरकारी प्रक्रिया अघि बढिरहेको बताउनुभयो । प्रतिवेदनमा सञ्चालकको सम्पत्ति शुद्धीकरणसम्बन्धी थ्रेसहोल्ड, बचत तथा ऋण सहकारीले बचत कार्यमा मात्र सीमित रहनुपर्ने विषय समेटिएको जानकारी पनि दिँदै हाल नेपालमा ९४४ वटा नियमन निकाय रहेको उहाँको भनाइ थियो ।

प्रतिवेदनअनुसार सेवा केन्द्र तथा शाखा कार्यालय बन्द गर्न निर्देशन दिइएको उल्लेख गर्दै उहाँले सहकारी ऐन २०७४ को दफा १८ अनुसार कार्यक्षेत्र एक वर्षभित्र अध्यावधिक गर्नुपर्ने व्यवस्था भए पनि वाग्मती प्रदेशमा मात्रै १२ हजारभन्दा बढी बचत तथा ऋण सहकारी रहेको र नियमन निकायमा सीमित जनशक्ति भएकाले अध्यावधिक गर्न कठिनाइ हुने बताउनुभयो । उहाँले अध्यावधिक नभएमा मालपोत रोक्का, अडिटर नियुक्ति तथा सहकारी संस्था खारेजसमेत हुनसक्ने चेतावनी दिनुभयो ।

कार्यक्रम संस्थाका अध्यक्ष विश्वराम लवजुको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रममा सचिव प्रेमकुमार जोशी, उपाध्यक्ष रामेश्वर बुढाथोकीले पनि बोल्नुभएको थियो ।

मिठाइ तालिमका सहभागीहरूलाई संस्थाका सल्लाहकार पुण्यराम सुवाल र निवर्तमान अध्यक्ष पुरुषोत्तम ग्वाछ्वाले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

# दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि समायोजन गर्न निर्देशन

काठमाडौँ,२२ माघ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उपभोग्य वस्तुमा देखिएको अस्वाभाविक मूल्यवृद्धि समायोजन गर्न उत्पादक, पैठारीकर्ता र वितरकलाई निर्देशन दिएको छ ।

विभागले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै बजारमा अनावश्यक मूल्यवृद्धि नियन्त्रण गरी प्रतिस्पर्धी र स्वच्छ बजार व्यवस्था कायम गर्न निर्देशन दिएको हो ।

"खाद्यान्न तथा तेल उत्पादन गर्ने प्रमुख उत्पादक, प्रमुख पैठारीकर्ता र वितरकहरूलाई बोलाई अनुचित नाफा नलिई आफ्ना वस्तु वा सेवा उपलब्ध गराउन तथा अस्वाभाविक मूल्यवृद्धिलाई समायोजन गरी उपभोक्तालाई राहत दिन निर्देशन दिइएको छ", विज्ञप्तिमा भनिएको छ ।

विभागले पछिल्लो समय खानेतेल, ग्यास, चामललगायत अत्यावश्यक दैनिक उपभोग्य वस्तुमा अस्वाभाविक मूल्यवृद्धि र आपूर्तिमा कमी आएको भन्दै उपभोक्ता तह तथा सार्वजनिक सञ्चारमाध्यमबाट आएका गुनासाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्ता संरक्षण नियमावली, २०७६ अनुसार उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न विभाग निरन्तर प्रयत्नशील र प्रतिबद्ध रहेको विभागले स्पष्ट पारेको छ । यसका लागि अत्यावश्यक तथा दैनिक उपभोग्य वस्तुका उत्पादक, विक्रेता, पैठारीकर्ता, सञ्चयकर्ता र सेवाप्रदायक फर्म तथा प्रतिष्ठानहरूमा अन्य निकायको सहयोगमा संयुक्त अनुगमन भइरहेको छ । ***(रासस)***

सङ्क्षिप्त समाचार

## दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि समायोजन गर्न निर्देशन

काठमाडौँ,२२ माघ ।वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उपभोग्य वस्तुमा देखिएको अस्वाभाविक मूल्यवृद्धि समायोजन गर्न उत्पादक, पैठारीकर्ता र वितरकलाई निर्देशन दिएको छ ।

विभागले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै बजारमा अनावश्यक मूल्यवृद्धि नियन्त्रण गरी प्रतिस्पर्धी र स्वच्छ बजार व्यवस्था कायम गर्न निर्देशन दिएको हो ।

“खाद्यान्न तथा तेल उत्पादन गर्ने प्रमुख उत्पादक, प्रमुख पैठारीकर्ता र वितरकहरूलाई बोलाई अनुचित नाफा नलिई आफ्ना वस्तु वा सेवा उपलब्ध गराउन तथा अस्वाभाविक मूल्यवृद्धिलाई समायोजन गरी उपभोक्तालाई राहत दिन निर्देशन दिइएको छ”, विज्ञप्तिमा भनिएको छ ।

विभागले पछिल्लो समय खानेतेल, ग्यास, चामललगायत अत्यावश्यक दैनिक उपभोग्य वस्तुमा अस्वाभाविक मूल्यवृद्धि र आपूर्तिमा कमी आएको भन्दै उपभोक्ता तह तथा सार्वजनिक सञ्चारमाध्यमबाट आएका गुनासाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्ता संरक्षण नियमावली, २०७६ अनुसार उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न विभाग निरन्तर प्रयत्नशील र प्रतिबद्ध रहेको विभागले स्पष्ट पारेको छ । यसका लागि अत्यावश्यक तथा दैनिक उपभोग्य वस्तुका उत्पादक, विक्रेता, पैठारीकर्ता, सञ्चयकर्ता र सेवाप्रदायक फर्म तथा प्रतिष्ठानहरूमा अन्य निकायको सहयोगमा संयुक्त अनुगमन भइरहेको छ । ***(रासस)***

## मापदण्ड संशोधन गरी बहुवर्षीय आयोजनाको स्रोत सहमति लिने समय थप

काठमाडौँ, २२ माघ । सरकारले बहुवर्षीय आयोजनासम्बन्धी ठेक्का र स्रोत सहमतिको प्रक्रिया परिमार्जन गर्दै नयाँ मापदण्ड जारी गरेको छ । ‘आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८१’ लाई संशोधन गरी ‘बहुवर्षीय आयोजनाको स्रोत सहमतिसम्बन्धी मापदण्ड, २०८२’ लागू भएको हो । नयाँ मापदण्डअनुसार बहुवर्षीय आयोजनाको स्रोत सहमति लिने समयसीमा अगाडि सारिएको छ । अब राष्ट्रिय योजना आयोगले प्राप्त आयोजना प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त ठानेमा मङ्सिर १५ गतेभित्र अर्थ मन्त्रालयमा स्रोत सहमतिका लागि सिफारिस गरिसक्नुपर्नेछ । यसअघि आयोगले मङ्सिर मसान्तभित्र सिफारिस गर्ने व्यवस्था थियो ।

यसैगरी, अर्थ मन्त्रालयले अब मध्यमकालीन खर्च संरचना, मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट त्रिवर्षीय बजेट प्रक्षेपण, चालु आर्थिक वर्षको बजेट र स्रोतको अवस्थालाई आधार मानेर पुस १५ गतेभित्र स्रोत सहमतिसम्बन्धी निर्णय गर्नुपर्नेछ । यसअघि अर्थ मन्त्रालयलाई पुस मसान्तसम्म समय दिइएको थियो ।

चालु आर्थिक वर्ष २०८२/८३ का लागि भने बहुवर्षीय आयोजनाको स्रोत सहमतिका लागि विशेष व्यवस्था गरिएको छ । चालु आर्थिक वर्षमा कुनै मन्त्रालय वा निकायले यस्तो स्रोत सहमतिका लागि पुस मसान्तभित्र आयोगमा प्रस्ताव पेस गर्ने र आयोगले माघ १५ गतेभित्र अर्थ मन्त्रालयमा सिफारिस गर्नसक्ने व्यवस्था राखिएको छ । योजना आयोगबाट बहुवर्षीय आयोजनाका लागि स्रोत सहमतिको सिफारिस भई आएमा अर्थ मन्त्रालयले चालु आर्थिक वर्षका लागि माघ मसान्तभित्र सहमति दिन सक्नेछ । ***(रासस)***

## निष्पक्ष र निर्भिक भई आचारसंहिता अनुगमन गर्न सहायक प्रजिअलाई निर्देशन

काठमाडौँ, २२ माघ । गृह मन्त्रालयले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतका रूपमा तोकिएका ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न परिपत्र जारी गरेको छ । निर्वाचनको अवधिमा हुनसक्ने आचारसंहिताका उल्लङ्घनका घटना हुन नदिन आवश्यक कार्य गर्न र सो सम्बन्धमा गरिएका कार्यहरूको प्रतिवेदन नियमित रूपमा मन्त्रालयमा उपलब्ध गराउन निर्देशन जारी गरिएको मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिनुभयो ।

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ को जिल्लास्तरमा अनुगमनलाई प्रभावकारी बनाई कार्यान्वयनको सुनिश्चितता गर्न ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आचारसंहिता अनुगमन अधिकृत तोकेको थियो । मन्त्रालयले सचिवको संयोजकत्वमा आसन्न प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी एवम् विश्वसनीयरूपमा सम्पन्न गर्न केन्द्रीय कमाण्ड पोस्ट समेत गठन गरेको छ । ***(रासस)***

## प्रदेश सहकारी तेस्रो संशोधन नियमावली स्वीकृत

लुम्बिनी २२, माघ । लुम्बिनी प्रदेश सरकारले प्रदेश सहकारी तेस्रो संशोधन नियमावली, २०८२ लाई स्वीकृत गरेको छ । प्रदेश सरकार मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले उक्त नियमावली स्वीकृत गर्ने निर्णय गरेको हो ।

यस्तै बैठकले वन तथा वातावरण मन्त्रालयले पेस गरेको प्रदेश वन ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक लुम्बिनी प्रदेशसभामा पेस गर्न स्वीकृति प्रदान गरिएको प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिनुभयो ।



**सर्लाहीमा नेपाली सेना**

सर्लाहीको सदरमुकाम मलङ्गवामा बिहीबार गस्ती गर्दै नेपाली सेना । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै हिजोदेखि सर्लाहीमा नेपाली सेनाले गस्ती सुरु गरेको हो । *तस्बिरः विश्वनाथ ठाकुर/रासस*

# चितवन मेडिकल सिटीको रूपमा विकास

चितवन, २२ माघ । कुनै समय दैनिक ६० हाराहारीमा बिरामी बोकेका एम्बुलेन्स चितवनबाट काठमाडौँ जाने गर्दथे । हिजोबिहीबार त्यो सङ्ख्या तीन/चार वटामा झरेको छ ।

भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्ष डा. भोजराज अधिकारीले झण्डै आठ वर्षअघि भरतपुरको आँपटारीमा २४ घण्टा एम्बुलेन्सको तथ्याङ्क लिँदा ६० एम्बुलेन्स बिरामी लिएर काठमाडौँ गएको विवरण सुनाउनुभयो । उहाँका अनुसार त्यसपछिका दिनमा क्रमशः बिरामी जाने क्रम घट्दै आएको छ ।

उहाँले भन्नुभयो, “अहिले भरतपुरमा सबै खालका रोगको उपचार हुने भएपछि निकै कम मात्र बिरामी बाहिर जान्छन् ।” संयुक्त एम्बुलेन्स चालक सङ्घका केन्द्रीय अध्यक्ष नवराज लामिछाने पहिले पहिले धेरै एम्बुलेन्स चितवनबाट बिरामी बोकेर काठमाडौँ जाने गरेको बताउनुहुन्छ । पछिल्ला दिनमा दैनिक तीन/चारवटा एम्बुलेन्स मात्रै काठमाडौँ जाने गरेको उहाँले बताउनुभयो । टाउको, मिर्गौला, हार्डजोर्नीका गम्भीर समस्या भएका बिरामी फाट्टफुट्ट जाने गरेको उहाँ बताउनुहुन्छ ।

भरतपुरमा उपचार हुने भए पनि ठुलो अस्पताल खोज्दै र काठमाडौँमा आफन्त तथा घर भएकाहरू जाने गरेको उहाँले बताउनुभयो । यसका अतिरिक्त एक अस्पतालबाट चितवनकै अर्को अस्पतालमा रिफर गर्ने परिपाटी नहुँदा पनि काठमाडौँ बिरामी जाने गरेको उहाँ बताउनुहुन्छ ।

काठमाडौँ पुगेर सेवा लिँदा हुने झन्झटका कारण पनि स्थानीयस्तरमै सकेसम्म उपचार गर्न धेरैले चाहना गर्ने गरेको लामिछाने बताउनुहुन्छ । जिल्लामा सङ्घीयस्तरको सरकारी भरतपुर अस्पताल, राष्ट्रियस्तरको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, दुई वटा ठुला मेडिकल कलेज, बागमती प्रदेशको बकुलहर रत्ननगर अस्पताल, पच्चीसभन्दा बढी निजी अस्पताल, आँखा अस्पताल, निजीस्तरको सिएमसी क्यान्सर इन्स्टिच्यूटलगायतका स्वास्थ्य संस्था यहीं भएका कारण बिरामीलाई रोजीछानी उपचार गर्ने अवसर मिलेको छ ।

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेल चितवनमा सेवा सुविधा र विश्वसनीयता बढेका कारण बिरामी बाहिर जाने घटेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “क्यान्सरका धेरैजसो बिरामी काठमाडौँबाट यहाँ आउँछन् ।”

दक्षजनशक्ति, आधुनिक प्रविधि सहितका अत्याधुनिक उपकरण, सरल सेवासुविधा, बिरामीमैत्री सेवा चितवनका अस्पतालमा उपलब्ध हुन थालेपछि बिरामीको आकर्षण बढेको उहाँ बताउनुहुन्छ । जिल्लामै रोबोटिक सर्जरीसम्मको उपचार हुने हुँदा काठमाडौँका बिरामी चितवन आउन थालेपछि यहाँका बिरामी जान छाडेको उहाँले बताउनुभयो ।

जिल्लामा स्वास्थ्य क्षेत्रमा ठुलो लगानी भएको छ । सरकारी अस्पतालमा मात्रै होइन, निजी क्षेत्रले पनि ठुलो लगानी अस्पतालमा गर्ने गरेको छ । चितवन मेडिकल कलेजका कार्यकारी अध्यक्ष प्राडा हरिश्चन्द्र न्यौपानेले डिएम र एमसिएच गरेका २७ विशेषज्ञ चिकित्सक अहिले सिएमसीमा मात्रै रहेको बताउनुभयो ।

उहाँको भनाइमा राजधानी काठमाडौँबाट आफ्नो मेडिकल कलेजमा उपचारका लागि बिरामी आउने गरेका छन् । उहाँले भन्नुभयो, “रोबोर्टिक सर्जरी, मुटु, क्यान्सर, न्यूरो लगायतका उपचारका लागि काठमाडौँबाट यहाँ बिरामी आउने गरेका छन् ।” उहाँले काठमाडौँमा नहुने क्यान्सरको उपचार सिएमसी क्यान्सर इन्स्टिच्यूटमा हुन्छ । उहाँका अनुसार न्यूरोको ट्युमर, अर्लिस्टेजका ट्युमरको उपचार काठमाडौँमा नभइ चितवनमा हुन्छ ।

क्यान्सरको केमोथेरापी, ब्राकीथेरापी, रेडियो थेरापीलगायत सबै खालको प्रविधि र उपचार आफूहरूले सरकारी सुविधा तथा दररेटमा गर्दै आएको उहाँको भनाइ छ । उहाँका अनुसार क्रिटिकल केयरको सुविधा नेपालमा हुनेमा सबैभन्दा राम्रो चितवनमा रहेको छ । रोबोर्टिक सर्जरीमा नेपालमै सबैभन्दा बढी यही हुने गरेको उहाँले बताउनुभयो ।

मुटुको सबै खालका शल्यक्रिया यहाँ हुने गरेको भन्दै उहाँले यहाँबाट बिरामी काठमाडौँ नभएर काठमाडौँबाट धेरै बिरामी यहाँ आउने गरेको दाबी गर्नुभयो । चितवनमा उच्चस्तरका प्रयोगशाला, इमेजिङ्ग सेन्टर पनि रहेका छन् । त्यसका कारण रोग पहिचानमा पनि सहज हुने गरेको छ । आँखा उपचारका लागि नेपाल नेत्रज्योति सङ्घले भरतपुरमा सञ्चालन गरेको भरतपुर आँखा अस्पतालमा चितवन र छिमेकी जिल्लाका बिरामी आउने गर्दछन् । यहाँका अस्पतालहरूमा चितवन र छिमेकी जिल्लाबाट बिरामी आउने गरेका छन् ।

क्यान्सरका बिरामी देशैभर र भारतबाटसमेत आउने गर्दछन् । सरकारी बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा लामो पालो कुर्नुपर्दा बाहिर जाने बिरामी अहिले यही चितवन मेडिकल कलेजले सञ्चालन गरेको क्यान्सर इन्स्टिच्यूटमा त्यहीको दररेटमा उपचार पाउने भएपछि बाहिर जान छाडेका छन् ।

केही वर्ष अघिसम्म बाल सघन उपचार कक्ष नहुँदा धेरै बालबालिकाको अकालमा ज्यान जाने गर्दथ्यो । त्यस्तै मुटु र टाउकोको उपचार नपाउँदा धेरैले ज्यान गुमाउनुपर्ने अवस्था थियो । अहिले यी सबैको सेवा यहीं उपलब्ध भएसँगै धेरैको ज्यान बचेको छ ।

नेपाल चिकित्सक सङ्घका केन्द्रीय अध्यक्ष डा. अनिलविक्रम कार्की एक दुईबाहेक सबै खालका उपचार चितवनमा हुने भएकाले बिरामी बाहिर जान रोकिएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “सघन उपचार कक्ष, आधुनिक प्रविधि र दक्षजनशक्ति थपिँदै जाँदा यहाँको सेवा विश्वसनीय बनेको छ ।” पछिल्ला दिनमा नेपाल सरकार र निजी क्षेत्रले स्वास्थ्य क्षेत्रमा यहाँ गरेको लगानीका कारण उपचार क्षेत्रमा फड्को मारेकै कारण बिरामी बाहिर जानेभन्दा आउने बढेको उहाँले बताउनुभयो । ***(रासस)***

# काभ्रेमा विपत्ति : १५१ किसानलाई राहत उपलब्ध गराउन सिफारिस

काभ्रेपलाञ्चोक, २२ माघ । काभ्रे जिल्लामा गएको वर्षा याममा आएको प्राकृतिक विपत्तिबाट एक हजार दुई सय रोपनी जमिनमा लगाएको कृषि बाली क्षति भएको छ । क्षतिको राहत उपलब्ध गराउन बाग्मती प्रदेश सरकारलाई अनुरोध गरिएको छ । जिल्ला कृषि विकास कार्यालय धुलिखेलले गत वर्ष र यस वर्षको प्राकृतिक विपत्तिका कारण खाद्यान्न, तरकारी बाली, फलफुल र तरकारीका टनेल क्षतिग्रस्त भएका १ सय ५१ किसानलाई राहत उपलब्ध गराउन प्रदेश सरकारसमक्ष सिफारिस गरेको हो ।

कार्यालयले प्राकृतिक विपत्तिका कारण ९ सय ६१ रोपनीमा भएको खाद्यान्न क्षतिको लागि रु. १४ लाख ४१ हजार ५ सय ९०, २ सय ६५ रोपनी जमिनमा लगाइएको तरकारी बाली क्षतिवापत रु. सात लाख ८० हजार ६ सय २५ राहतका लागि सिफारिस गरिएको जनाएको छ । कार्यालय प्रमुख कुलप्रसाद दवाडीले कार्यालयले गतवर्ष र यस वर्षको प्राकृति विपत्तिका कारण कृषि बालीमा क्षति पुगेका १ सय ५१ किसानलाई राहत उपलब्ध गराउन प्रदेशस्थित कृषि मन्त्रालयमा सिफारिस गरिएको बताउनुभयो । यस्तै उहाँले करिब तीन हजार फलफुलका बिरुवा क्षतिवापत रु. दुई लाख नौ सय र तीन सय बाँसका टनेल क्षतिवापतको १५ हजारका दरले राहत रकम उपलब्ध गराउन प्रदेश कृषि मन्त्रालयलाई अनुरोध गरिएको जानकारी दिनुभयो ।

प्रदेश सरकारले प्राकृतिक विपत्तिका कारण खाद्यान्न बालीमा क्षति पुगेका किसानका लागि प्रति रोपनी रु. एक हजार पाँच सय, तरकारी बालीमा क्षति पुगेका किसानका लागि प्रतिरोपनी रु. दुई हजार पाँच सय राहत उपलबध गराउँदै आएको छ । यस्तै बाँसका टनेलमा क्षति भएमा प्रति वर्गमिटर रु. ५० र फलफुलका बिरुवा क्षति भएमा प्रतिबोट रु. ५० राहत उपलब्ध गराउने जनाइएको छ ।

कार्यालयका अनुसार प्रदेश सरकारले स्थानीय तहको सिफारिस, प्राविधिक प्रतिवेदन, क्षतिको मूल्याङ्कन र जिल्लास्थित राहत ब्यवस्थापन समितिको मूल्याङ्कन गरी पठाएपछि मात्रै प्रदेश सरकारले राहत उपलब्ध गराउनेछ । गत वर्षको बाढीपहिरोका कारण कृषि बालीमा क्षति पुगेका किसानका लागि रु. ७८ लाख राहत उपलब्ध गराउन प्रदेश सरकारसमक्ष सिफारिस गरिएकोमा प्राप्त रु. ५३ लाख राहत रकम सम्बन्धित पीडित किसानलाई उपलब्ध गराईएको कार्यालयले जनाएको छ । ***(रासस)***

। सम्पादकीय ।

# प्रतिनिधिसभा ऐन–कानुन बनाउने थलो

प्रतिनिधिसभा स्थानीय तहमा झैँ विकास गर्ने थलो होइन; ऐन कानुन निर्माण गर्ने थलो हो । निर्वाचित सांसदहरूको काम आ-आफ्नो जिल्लामा विकास योजना लाने होइन; विकास गाउँ-गाउँ पुऱ्याउन लड्ने हो । सरकारले प्राथमिकता र आवश्यकताको आधारमा विकासको निम्ति बजेट छुट्याउने हो । विकास योजना शासक दलका नेताहरू जितेको ठाउँमा मात्र लाने होइन । यो पक्षपातपूर्ण कार्य हो । विकास सत्तारुढ दल जितेको निर्वाचन क्षेत्रमा मात्र खन्याउने काम विगतमा सत्तारुढ दलका नेताहरूले गरे । विकास कुनै दल विशेष जिल्लाको लागि गर्ने होइन; सन्तुलित विकास चाहनेले देशभरि नै बजेटको व्यवस्था गर्नुपर्छ या योजना छनोट गर्नुपर्छ । सरकारले विकासलगायत अन्य क्षेत्रमा पक्षपात गरेकै कारण सत्तारुढ दलविरुद्ध युवाहरू आन्दोलित भएका हुन्; नेताहरू लखेटिएका हुन्; पिटिएका हुन्; घर जलेका हुन् ।

यो निर्वाचनको दौरानमा पनि आफूलाई ठुला र नयाँ भनिएका दलका नेताहरू कहिले सरकार नजाने दल भनेर त कहिले सानो दलले केही गर्न सक्दैन भनेर अरु दलमाथि होच्याउने र सांसदको काम विकासको पोको लिएर आउनेजस्ता झूट कुरा फलाकिरहेका छन् । सांसदहरूले देशको सन्तुलित विकासको निम्ति नीति तथा तयार गर्न सरकारको ध्यानाकर्षण गर्ने हो । सन्तुलित विकासकै निम्ति नेमकिपाले केन्द्रको बजेट ५० प्रतिशत स्थानीय तहमा पुऱ्याउनुपर्ने माग अघि सारेको थियो । केन्द्रको बजेट स्थानीय तहमा पुगेपछि सबै ठाउँमा विकास हुन्छ;, जनताले रोजगारी पाउनेछन् अनि उनीहरूको जीवनस्तर पनि बढ्नेछ । पहिलेका कति सांसदहरू आफ्नै पैतृक सम्पत्ति खर्च गरेर विकास गरेको कुरा फुक्छन्; आफैले विकास गरेको खोक्छन् । यस्ता झूट र भ्रमका कुरा फिजाउन ठुला र नयाँ दल भनिएका दलका नेताहरू अहिले पनि सक्रिय हुन थालेका छन् ।

पुराना कति सांसदहरू र हाल उम्मेदवार बनेका नेता तथा कार्यकर्ताहरूलाई सांसदको काम, कर्तव्य र अधिकार पनि थाहा छैन । प्रतिनिधिसभा गाउँ र नगरको झैँ विकास गर्ने स्थानीय तह होइन । यसको अर्थ सांसदहरूले विकासको कुरा गर्नु हुँदैन भनेको होइन । तर, गाउँ-गाउँमा विकास गर्न सरकारको ध्यानाकर्षण गर्ने हो, पोको लिएर हिँड्ने काम सांसदको होइन । सांसदले गाउँ-गाउँमा रासायनिक मल ल्याइदिने होइन बरु मल गाउँ-बस्तीमा पुऱ्याउन, आवश्यकताअनुसार मल आपूर्ति गर्न सरकारको ध्यानाकर्षण गर्ने हो । देशभरि बिजुली पुऱ्याउन, सिंचाइको व्यवस्था गर्न, सडक पुऱ्याउन, खानेपानी पुऱ्याउन सरकारको ध्यानाकर्षण गर्ने हो । सांसदहरूले जनताको माग या आवश्यकता अगाडि राख्ने हो । त्यसको आधारमा सरकारले योजना छनोट गरेर बजेट छुट्याउने हो । बजेट कार्यान्वयन गर्न जोड दिने हो । यसरी देश र जनताको समग्र सेवा गर्न अघि बढ्ने काम सांसदको हो ।

तर, यो पुँजीवादी व्यवस्थामा सांसदहरू पैसाको पछि लागे । उनीहरूले विकास ल्याउने नाउँमा देशको बजेटमा आँखा गाडे । उनीहरू अनियमितता र कमिसनमा पल्के । उनीहरूले पदको दुरुपयोग गरी विकासको योजनालाई अकुत सम्पत्ति कुम्ल्याउने माध्यम बनाए । उनीहरूले पद र पैसाबिना राजनीति नचल्ने सम्झे । देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने राजनीतिलाई व्यक्तिगत स्वार्थमा बदलियो । समाजमा स्वार्थी मान्छे हाबी हुनुको अर्थ योग्य र इमानदार व्यक्ति पन्छाइनु हो । चाकडी, पहुँच र पैसाको बलमा राजनीतिलाई उपयोग गर्ने काम सच्चा राजनीति होइन । सच्चा राजनीतिकै कमीका कारण देशको स्थिति बिग्रियो ।

राजनीतिको मूल उद्देश्य देश र जनताको नि:स्वार्थ सेवा गर्नु हो । देशमा सुशासन ल्याउनु हो । भ्रष्टाचारमुक्त देश बनाउनु हो । व्यक्तिगत र दलगत स्वार्थ छोडेर, सत्तामोहमा नफसेर शुद्ध राजनीति गर्ने हो । अवसर छोपेर दीर्घकालीन सेवा र नीति त्याग्ने होइन । कुनै पनि गलत कार्य र नीतिविरुद्ध उभिने हो । राजनीतिमा नैतिकता, पारदर्शिता, जवाफदेहिता हुन्छ । राष्ट्र र जनताको हितलाई केन्द्रमा राख्ने नेतृत्वको विकास गर्नुपर्छ । सचेत नागरिक, दूरदर्शी र देश र जनताप्रति जिम्मेवार नेता देशको निम्ति खाँचो छ । सभ्य, सुसंस्कार र नैतिक मूल्यसँग जोडिएको राजनीतिबिना देशमा दिगो विकास सम्भव छैन । शुद्ध राजनीतिले मात्र सभ्य र न्यायपूर्ण समाज निर्माण हुन्छ ।

# अल्गोरिदमले चम्किएका लोकप्रियतावादी नेता : यथास्थितिवादकै पक्षपोषक

✍ रीता बरामु

सन् २०२३ मा ९ महिनासम्म टिकटक प्रतिबन्ध गरी नियमनको दायरामा ल्याएको सरकारले २०२५ मा पुन: फेसबुक, ह्वाट्सएपजस्ता करिब २६ प्लेटफर्मलाई सूचिकृत नगरुन्जेल निष्क्रिय गर्दा सत्ता नै पल्टिने परिस्थिति बन्यो । यसले डिजिटल प्रविधिको पहुँच, प्रभाव र शक्ति कति छ भन्ने कुरा प्रस्ट पार्छ ।

डिजिटल प्लेटफर्मको यही शक्ति टेक्नो-पपुलिजम् अर्थात् डिजिटल लोकप्रियतावाद मौलाउन प्रयोग हुँदै आएको देखिन्छ । सञ्चारका लागि इन्टरनेट र प्रविधिको प्रयोग बढिरहँदा यो अझै व्यापक हुन्छ ।

**डिजिटल लोकप्रियतावाद**

लोकप्रियतावाद व्यक्तिकेन्द्रित, बौद्धिक सोचविरोधी र समतामूलक राजनीतिविरोधी हुन्छ । यसले कुनै शत्रुको परिकल्पना गरेर त्यसको खिलाफमा आफ्नो प्रचार अगाडि बढाउँछ । यो कुनै राजनीतिक विचारधारा नभई सस्तो तरिकाले लोकप्रिय हुने र सत्ता कब्जा गर्ने रणनीति र शैली हो ।

आजको विश्व परिदृश्यमा दक्षिणपन्थीहरूले लोकप्रियतावादको बढी दुरूपयोग गरेको भेटिन्छ । संयुक्त राज्य अमेरिकामा आप्रवासीलाई खेद्ने योजनासहित उदाएको ट्रम्प प्रशासन होस् या भारतमा इस्लामद्वेषी भावना प्रवर्द्धन गर्दै फैलिएको मोदीराज दुवै दक्षिणपन्थी लोकप्रियतावादी नमुना हुन् । नेपालको सन्दर्भमा राजतन्त्रसहितको हिन्दू राष्ट्रको माग राख्नेहरूले पनि यही शैली अपनाएका छन् ।

लोकप्रियतावादको डिजिटल संस्करण प्राज्ञिक क्षेत्रमा विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ । लेखक तथा डिजिटल कल्चर र सोसाइटीका प्राध्यापक पाउलो जेरवाडो तीव्र आर्थिक सङ्कट र प्राविधिक परिवर्तनका कारण धनी र गरीबबिच बढेको खाडलबाट असन्तुष्ट तर डिजिटल रूपमा सक्रिय जनतालाई आकर्षित गर्दै डिजिटल पपुलिजम्को उदय भएको कुरा गर्छन् । राजनीतिशास्त्रका प्राध्यापक म्यानुएल माल्दोनादो समकालीन लोकप्रियतावादको बहसमा डिजिटल प्रविधिको प्रयोगलाई छुटाउनै नहुने प्रस्ताव गर्छन् । विश्वमै सामाजिक सञ्जाल सूचना आदानप्रदान तथा विचार विस्तारको मुख्य साधन भएकोले यो प्रस्ताव स्वाभाविक देखिन्छ । लोकप्रियतावाद विभिन्न डिजिटल र भौतिक पक्षसँगको अन्तरसम्बन्धमा विस्तार हुँदै जान्छ र डिजिटल लोकप्रियतावादमा परिणत हुन्छ ।

**नेपाली शक्ति समीकरण**

नेपालमा डिजिटल माध्यमहरूको प्रयोग बढेसँगै डिजिटल लोकप्रियतावादको भरपुर उपयोग हुँदै आएको देखिन्छ । तर, यस विषयमा खासै व्यवस्थित बहस भएको छैन । कुनै ठोस राजनीतिक सिद्धान्त र कार्यदिशाविनै स्थापित दलका नेताहरूका कार्यशैली, जवाफहीनता, कुशासनमाथि प्रश्न गर्दै आफूलाई वैकल्पिक दाबी गर्ने शक्तिहरू यस्तै परिपाटीबाट चर्चामा आएका उदाहरण हाम्रो सामुन्ने प्रशस्तै छन् । यी राजनीतिक पात्रहरूले आफ्नो लाखौं फलोअर्स भएको सोसल मिडियालाई नै प्रस्थान बिन्दु बनाएर आफ्नो पकड जमाउँदै आएको देखिन्छ ।

फलत: वस्तुस्थिति यस्तो देखियो कि समस्याग्रस्त राजनीतिक परिवेशबिच जनताको लोकतान्त्रिक संस्थाप्रतिको विश्वसनीयता गुम्दै गएको अवस्थामा उद्धारक या मसिहाजस्ता पात्रहरू हाम्रै वरिपरि उदाइरहेका छन् । अर्कोतिर पुराना भनिएकाहरू भ्रष्टाचारमै लिप्त थिए, देशको परिवेश बदल्न युवा उपस्थिति अपरिहार्य छ भन्ने भाष्य उनीहरूले जबरदस्त स्थापित गर्दै गए, जसले गर्दा 'युवा भर्सेस् वृद्ध' को माहौल जन्मियो । एजिजम् अर्थात् उम्मेरवादलाई बढावा दिइएको अवस्था छ, जसमा पुराना पुस्तामा धेरै समस्या भए पनि उनीहरूका अनुभव, ज्ञान र योगदान औचित्यहीन हुने जस्तो भाष्य फैलाइयो ।

सरकारी कार्यालयमा सीसीटीभी प्रविधि जडान, विभिन्न एप लञ्च गरेर होस् या महानगरपालिकाको बैठक लाइभ गरेर सुशासन तथा पारदर्शिताको दाबी गर्नुजस्ता स्टन्टमा कुनै न कुनै हिसाबले लोकरिझ्याइँको झलक भेटिन्छ । यसमा स्वत: डिजिटल पक्ष जोडिएको हुन्छ ।

भ्रष्टाचार र सुशासनकै मात्र कुरा गर्ने हो भने पनि सत्तामा रहँदा तलब-भत्ता त्याग्ने या वैकल्पिक राजनीतिमा आउन लाखौँको विदेशी जागीर र स्थायी बसोबास छाडेर आएको प्रचारबाजी गर्ने, विपन्नभन्दा सम्पन्नले राजनीति गर्दा मात्र भ्रष्टाचार हुँदैन भन्ने जस्ता अभिव्यक्तिहरू डिजिटल प्लेटफर्महरूमा छ्यापछ्याप्ती भेटिन्छन् । जबकि, भ्रष्टाचारको अर्थ-राजनीतिक पाटो नखोतली गरिएका यस्ता सतही स्टन्टहरू लोकरिझ्याइँभन्दा बढी केही होइनन् ।

पुराना र नयाँ सबैखाले पात्रले कुनै न कुनै तरिकाले लोकरिझ्याइँ गरे पनि नयाँहरू प्रविधिको प्रयोगमा अगाडि देखिन्छन् । नयाँ भनिएकाहरूले लोगो, रङ र कन्टेन्टको एकनासे संयोजन र क्युरेटेड फीडसँगै अनलाइन उपस्थिति बलियो देखाइरहेका छन् । भलै पुरानाहरू पनि सिक्दै छन् । किनकि पुरानिएका शक्तिमा पनि युवा समूहको उपस्थिति नहुने होइन । त्यसैले झट्ट हेर्दा राजनीतिक बहस र सन्देशहरू अचेल कुनै विशाल डिजिटल मार्केटिङजस्तो देखिने अवस्था छ । जुन लोकप्रियतावादकै एउटा सानो डिजिटल झलक हो । तसर्थ, राजनीति र समाजशास्त्रका सहप्राध्यापक जुल्यानो बोब्बा लोकप्रियतावादी नेताहरू अरूभन्दा डिजिटल माध्यममा अभ्यस्त हुने बताउँछन् । यो प्रक्रिया डिजिटल प्लेटफर्महरूको विशिष्टता र अधिकतम प्रयोगबाट सम्भव बन्न पुगेको हो ।

**उक्साउने प्लेटफर्म**

डिजिटल प्लाटफर्मले जनतासँग प्रत्यक्ष-परोक्ष साक्षात्कार नहुनेलाई पनि संवाद गराउँछ । यो लोकप्रियतावादीहरूका लागि निकै उपयोगी हुन्छ । नेताका अभिव्यक्तिलाई प्लेटफर्महरूले थोरै र छोटो समयमा लाखौँको मासमा पुऱ्याउन सक्छन् । मूलधारे मिडियाको मध्यस्थता, कुनै अन्तर्वार्ता या पत्रकार सम्मेलन विनै स्ट्याटस, फोटो, भिडिओ, पोडकास्ट र मीमको भरमै उनीहरूका सिद्धान्तहीन तर उत्तेजक विचारहरू लाखौँसम्म पुग्नु र देशको राजनीतिक केन्द्रलाई चुनौती दिँदै आफू शक्तिकेन्द्रमा पुग्न सक्नेसम्म बन्नु चानचुने कुरा होइन । अझ तिनै स्ट्याटसहरू आधिकारिक धारणा जसरी भारी मात्रामा मूलधारे मिडियामा समेटिनु, लाखौँका लागि चिया गफ या फेसबुक स्ट्याटसको विषय बन्नुलाई साधारण मान्न सकिँदैन । यसरी व्यक्त भएका धारणासँग फेरि जनताको दोहोरो संवाद नहुनु र जवाफदेहिता शून्यप्राय: हुनु अर्को विडम्बनाको कुरा हो ।

आजको भ्रामक, मिथ्या, गलत सूचना र षड्यन्त्रपूर्ण सिद्धान्तहरू सम्प्रेषण भइरहेको र समुदाय लक्षित घृणायुक्त अभिव्यक्ति (हेट स्पीच), अनलाइन हिंसा मौलाइरहेको अवस्थामा डिजिटल लोकरिझ्याइँ अझ तीव्रगतिमा फैलने सम्भावना छ । अन्तर्राष्ट्रिय सन्दर्भमा गलत सूचनाको प्रयोग र सीमान्तकृत समुदाय लक्षित घृणायुक्त अभिव्यक्तिको अभ्यास गर्दै लोकरिझ्याइँमार्फत दक्षिणपन्थी समूहले आफ्नो अर्थ-राजनीतिक स्वार्थ पूरा गर्दै आएका उदाहरण हाम्रा सामुन्ने छँदै छन् । सन् २०१७ मा नेदरल्यान्डको चुनावी अभियानमा मुस्लिमविरोधी नेता गिर्ट वाइल्डर्सले प्रतिद्वन्द्वी अलेक्जेन्डर पेचटोल्डलाई शरिया कानुनको वकालत गर्दै गरेको भ्रामक फोटो पोस्टलाई उदाहरण मान्न सकिन्छ । नेपालमा पनि राजनीतिक दलका एक नेताले महाधिवेशनको बेला एआई फोटोको प्रयोग गरी आफ्ना समर्थकहरूको महाभिड देखाउन खोजेको घटना ताजै छ ।

अर्कोतर्फ, सोसल मिडिया अल्गोरिदमले नै डिजिटल लोकप्रियतावादलाई फैलाउने काम गर्छ । प्लेटफर्महरूले अल्गोरिदम बनाउँदा फरक विचारलाई प्रयोगकर्ताको फीडमा बन्देज हुने तरिका अपनाएका हुन्छन् । यस्तो व्यक्तिपिच्छे सूचनाको प्रवाहले विचार, सिद्धान्त र राजनीतिक ध्रुवीकरणलाई बढाउँछ । व्यक्तिगत पूर्वाग्रहलाई बलियो बनाउँदै लैजान्छ । मानिसले आफ्नो रुचि र विचार मिल्ने कन्टेन्टलाई नै लाइक, कमेन्ट, सेभ गर्दै जाँदा उसको सोसल मिडिया अकाउन्ट तिनै रुचि र विचार समर्थितहरूको सँगालो बन्दै जान्छ । किनभने, सोसल मिडिया अल्गोरिदमले प्रयोगकर्ताको छनोट अनुरूपकै रुचि र विचार मात्र देखाउँदै लान्छ । फरक विचार प्रयोगकर्ताको अकाउन्ट बाहिरै रहन्छन् ।

जब कहिल्यै आफ्नोभन्दा फरक विचार सुन्न, देख्न, बुझ्न पाइँदैन, तब व्यक्ति साँघुरो बन्दै जान्छ । यिनै साँघुरा कोठाहरू लोकप्रियतावादको विशाल खेल्ने मैदान बन्न पुग्छन् । किनकि भिडलाई कसरी उत्तेजित बनाउने, उनीहरूको भावनालाई कसरी प्रयोग गर्ने, विषयहरूलाई कसरी थप सनसनीपूर्ण बनाउँदै आफू अनुकूल भाष्य स्थापित गर्ने भन्ने कुरा लोकप्रियतावादीहरूले जानेका हुन्छन् ।

**मिडिया र इन्फ्ल्युएसरको कनेक्सन**

डिजिटल लोकप्रियतावाद यतिको मौलाउनुमा सोसल मिडियाको भूमिका र यसको रणनीतिक प्रयोग भइरहेको त स्पष्ट छ । तर, यसलाई थप मौलाउने वातावरण मूलधारे मिडिया र कन्टेन्ट क्रियटर/इन्फ्ल्युएन्सरहरूले तयार पारेका हुन् । मिडिया पहिलेदेखिकै शक्तिशाली माध्यम हो भने सामाजिक सञ्जालको आगमनसँगै उदाएका कन्टेन्ट क्रियटर/इन्फ्ल्युएन्सरहरूको शक्ति र प्रभावलाई पनि कम आँक्न मिल्दैन ।

अहिलेको ध्यानकेन्द्री अर्थतन्त्र (अटेन्सन इकोनमी) मा मानिस भ्युज बढाउने र भाइरल हुने दाउमा जस्तोसुकै उत्तेजक अभिव्यक्तिलाई पनि प्रचारप्रसारमा ल्याउँछन् । आलोचनात्मक चिन्तकलाई भन्दा लोकप्रियतावादी पात्रलाई छानी-छानी स्थान दिन्छन् । कस्तो लोकप्रियतावादलाई स्थान दिने भन्ने कुरा उनीहरू आफू कस्तो चिन्तनबाट ग्रसित छन् र कुन 'एको-चेम्बर' मा फसेका छन्, त्यसमा भर पर्छ । त्यसैले त नयाँ तथा पुराना पात्रहरूको समस्याग्रस्त फेसबुक स्ट्याटसहरूसमेत मूलधारका समाचार बन्छन् । तर, वर्गीय र जातीयसँगै सबैखाले उत्पीडन विरुद्ध वैकल्पिक विचार निर्माण गरिरहेको पार्टी या व्यक्तिको आवाज भने मूलधारे मिडिया या इन्फ्ल्युएन्सरहरूको कन्टेन्टमा अटाउन सक्दैन । यो खेदजनक अवस्था हो ।

**आगामी बाटो**

लोकरिझ्याइँ चाहे डिजिटल माध्यममा देखियोस् या भौतिक दुनियाँमा, यसको जरा अर्थ-राजनीतिक व्यवस्थामा खोज्नुपर्ने हुन्छ । उदारवादी अर्थव्यवस्थामा डिजिटल साधनको उपयोगले यो बढी फैलिन्छ । जसको प्रविधि र मिडियामाथि पकड छ, उसैले बढी फलोअर्स् बटुल्न सक्ने सीप र क्षमता राख्छ । त्यसमाथि लोकरिझ्याइँको एजेन्डा बोकेपछि सोसल मिडिया इन्गेजमेन्ट बढाउनका लागि लोकरिझ्याइँ नै प्रयोग गर्नु स्वाभाविकै हो । यिनै खेलको आधारमा अर्थ-राजनीतिक शक्ति र सत्ता कब्जा गर्न खोजिन्छ ।


डिजिटल लोकप्रियतावादको प्रभाव सबैमा परे पनि सीमान्तकृत र उत्पीडितहरूलाई यसले बढी हानि पुऱ्याउँछ । किनभने, यसको प्रकृति नै यथास्थितिको शक्ति संरचनालाई भत्काउने होइन, बढावा दिने हुन्छ । सन् २०२३ मा टिकटक प्रतिबन्ध गर्दा पनि टिकटकले सामाजिक मर्यादामा आँच पुऱ्याउने काम गरेको तर्क अघि सारिएको थियो । जबकि मर्यादा भन्ने सामाजिक अवधारणा सत्ता र शक्तिमा रहेकोले आफ्नै अनुकूल निर्धारण गरेका हुन्छन् । यो अवधारणा शक्ति संरचनाको पिँधमा रहेकाहरूमाथि झनै हिंसा गर्ने किसिमको बन्न सक्छ ।

लोकप्रियतावादले बहुसांस्कृतिक पहिचानहरू चिन्दैन र कुनै एक निश्चित तप्कालाई दुश्मन करार गर्दै जनमानसमा डरको राजनीति फैलाउने गर्छ । जस्तो कि भूराजनीतिक कारण देखाई सीमान्तकृतहरूले आफ्नो पहिचानको परीक्षा सधैँ दिइराख्नुपर्ने बोझलाई बढाउँछ । सोसल मिडियामा डङ्का पिट्नका लागि देखावटी हिसाबले सीमान्तीय र उत्पीडित प्रतिनिधिहरूलाई समानुपातिक उम्मेदवारको ललिपप दिन्छ र फेरि भूराजनीतिक चासोको डर देखाई निरङ्कुश तवरले तिनै सीमान्तकृतको उम्मेदवारी खोस्छ । अर्कोतर्फ पुँजीविहीनहरू राजनीतिमा आए भने भ्रष्टाचार बढ्छ भन्ने मनगढन्ते गफ दिँदै सीमान्तकृतहरूको राजनीतिक कदमलाई छेकबार लगाउने प्रयास जारी छ । समग्रमा यो उत्पीडित वर्ग र समुदायको लागि घातक अवस्था हो ।

लोकप्रियतावाद र यसको दक्षिणपन्थी दुरूपयोगको निराकरण भनेको सीमान्तकृत र उत्पीडितकेन्द्री आलोचनात्मक चेतमै छ । जसको लागि डिजिटल तत्त्वलाई पनि बहस र प्रयोगमा ल्याउनुपर्छ । उत्पीडित वर्गले डिजिटल माध्यमको प्रयोग गर्दै निरङ्कुशहरूको लोकरिझ्याइँलाई प्रतिवाद नगरेको होइन तर यस्तो विरोधको मात्रा कम छ । त्यसमाथि उनीहरूको प्रयास समग्र व्यवस्थाले नै प्रत्युत्पादक बनाइरहेको हुन्छ । नातावाद र कुशासनलगायत समस्याको विरोध गर्दै उदाएको जेन-जी विद्रोहले समेत सीमान्तकृतका सवाल ओझेल पार्दै सत्ता वरपरका विशेषाधिकार प्राप्त अनुहारलाई नै स्थापित गर्न पुग्यो । यो त्यही प्रत्युत्पादकताको उदाहरण हो । आलोचनात्मक चेतसहितको सङ्गठित प्रतिरोध नै अनलाइन र अफलाइनमा हुने लोकप्रियतावादलाई परास्त गर्ने जुक्ति हो ।

*(बरामु अस्ट्रेलियन नेसनल युनिभर्सिटीमा मास्टर्स अफ टेक्नोलोजी गभर्नेन्सका विद्यार्थी हुन् ।)*

# सहिष्णु हिन्दू धर्म : भ्रम र यथार्थ – ४



डीएन झा

मध्यकालको आरम्भमा विभिन्न भक्ति सम्प्रदायहरूको विकास भयो। धार्मिक परिदृश्यमा अनेक भक्ति सन्त र गुरुहरू देखापरे। उनीहरूले धर्म परिवर्तनलाई प्राथमिकता दिएको अनेक किंवदन्तीबाट थाहा लाग्छ। खासगरी दक्षिण भारतमा ती सन्त वा गुरुहरू बलियो (धर्मान्तरण गर्ने) मिसनरी उत्साहबाट प्रेरित थिए। उनीहरूले साधारणजनलाई परमेश्वरसामु आध्यात्मिक रूपमा नतमस्तक बनाई जीवन बिताउन लगाए। यसका लागि उनीहरूले तिनको धर्म परिवर्तनमा जोड दिए। धर्मान्तरणसम्बन्धी यो तथ्यलाई मध्यकालको आरम्भका विभिन्न अभिलेखले पुष्टि गर्छन्। १२ औँ शताब्दीका शेक्किलरले लेखेको पुस्तक पेरियपुराणम्मा नायनार सन्त अप्परबारे बताउँछ। अप्पर वेल्लाल समुदायको एक रुढीवादी परिवारमा जन्मेका थिए। तर, सानो उमेरमै उनी जैन मुनि बने। यो देखेर उनकी दिदी रिसाइन्। उनले शिवसँग मद्दत मागिन्। अप्परलाई पेटको बिमारीले च्याप्यो। उनलाई जैन वैद्य र तिनका तन्त्रमन्त्रले ठीक पार्न सकेनन्। शिवको कृपा र चमत्कारले उनको बिमारी निको भयो। धर्म परिवर्तन गरी जैन बनेकोमा पश्चाताप गर्दै उनी पुन: परिवारको धर्ममा फर्के। उनको यो चाल देखेर जैनहरू रुष्ट भए। उनीहरूले पल्लव राजा महेन्द्रवर्मनको उपस्थितिमा अप्परमाथि आरोप लगाए। राजा पनि जैन थिए। तर, शैवमार्गीहरूले राजालाई आफ्नो धर्मको सच्चाइबारे आश्वस्त बनाए। यसपछि महेन्द्रवर्मन नै धर्म परिवर्तन गरी शैव बने। घटनाको पाँच सय वर्षपछि पेरियपुराणममा गरिएको वर्णनमाथि अनेक उचित प्रश्न उठाइएको छ। तर, अप्पर र महेन्द्रवर्मनले धर्म परिवर्तन गरेको तथ्य निर्विवाद छ।

शेक्किलरले शैव सन्त सम्बन्दर र जैनहरूबिच भएको झगडाको वर्णन गरेका छन्। किंवदन्ती यस्तो छ - पान्डियन राज्यमा जैन मुनिहरूले राजालाई वशमा राखेका थिए। यो प्रभाव हटाउन र जैन मुनिहरूलाई देशबाहिर खेद्न रानी र मन्त्रीले सम्बन्दरलाई मदुरै आउन निम्तो पठाए। सम्बन्दर मदुरै आए। उनले जैन मुनिहरूको चमत्कारको तुलनामा आफ्नो चमत्कारलाई श्रेष्ठ साबित गरे। राजा शैव धर्ममा धर्मान्तरित भए। पछि राजाले ८ हजार जैन मुनिहरूको नरसंहार गरे। उनीहरूलाई फाँसीमा झुन्ड्याइयो। महेन्द्रवर्मनको धर्मान्तरणको कथा र पान्डियन राजाले शैव धर्म अपनाएको शेक्किलरको कथनमा बढाइचढाइ गरिएको हुन सक्छ। तर, यी दुवै घटनामा धर्मान्तरण भएको तथ्यमा कसैले शङ्का गर्न मिल्दैन।

चमत्कारका साथै ब्राह्मणवादी धार्मिक र दार्शनिक विचारको प्रचारमा शास्त्रार्थले पनि अहम भूमिका खेलेको थियो। मध्यकालको आरम्भमा धार्मिक साहित्य लेखेका धेरै भारतीय दार्शनिकहरूबारे यसअघि पनि चर्चा भइसकेको छ। तर, तीमध्ये सबैभन्दा महत्त्वपूर्ण दार्शनिक आठौँ शताब्दीका शङ्करलाई मानिन्छ। उनी परिव्राजकाचार्य थिए। उनी ठाउँठाउँ घुम्थे; जैन मुनि र बौद्ध भिक्षुलगायत विभिन्न सम्प्रदायका साधुहरूसँग शास्त्रार्थ गर्थे; तिनको दर्शनको खण्डन गर्थे। भनिन्छ, यसले उनले कतिपय मानिसलाई आफ्नो अद्वैत दर्शनमा धर्मान्तरित गरेका थिए। उदाहरणका लागि, उनले मीमांसा दार्शनिक कुमारिलका दुई शिष्य विश्वरूपसँग मगधमा र मन्दानासँग प्रयागमा शास्त्रार्थ गरेर विजयी भएका थिए। शङ्करलाई आफ्ना अनुयायीहरूका लागि भारतका विभिन्न भागमा चार-पाँच-छ मठको स्थापना गरेको जस दिने गरिन्छ। यी मठ वा प्रतिष्ठानको कालक्रममा अनेक किचलो छ। तैपनि, शङ्करका यी मठले साधारणजनको धर्म परिवर्तन गर्ने महत्त्वपूर्ण कार्य गरेको पाइन्छ। सयौँ वर्षपछि विजयनगर राज्यका शासकहरूको उदार संरक्षणमा ती मठको आर्थिक वैभव बढ्यो। तिनको परम्परागत धार्मिक प्रतिष्ठा र प्रभावमा सामन्ती मोहर लाग्यो। शङ्करका सुरुसुरुका शिष्यहरूले दशनामी सम्प्रदायको स्थापना गरे। यसमा उनीहरूले धेरै भिक्षु र साधुसन्तलाई धर्मान्तरण गरे। यो तथ्य मध्यकालको ग्रन्थ नारदपरिव्राजकोपनिषद्बाट पनि पुष्टि हुन्छ। यसमा अन्य समूहका मानिसलाई कसरी धर्मान्तरण गराउने भन्ने विस्तृत विवरण पाइन्छ।

धर्मान्तरण गर्न शास्त्रार्थ वा वादविवादबाहेक बल प्रयोग गरेको पनि पाइन्छ। बलप्रयोगद्वारा मानिसलाई शैव सम्प्रदायमा भित्र्याउने कुरा कसैबाट लुकेको थिएन। माघमहात्म्यलाई पद्मपुराणकै हिस्सा मानिन्छ। यसमा उल्लेख एक कथाअनुसार शैवहरूले 'द्रविड विषय' का एक क्षेत्रीय राजा चित्रसेनलाई हातमा लिए। उनीहरूकै सल्लाहमा चित्रसेनाले राज्यमा विष्णुको पूजामा बन्देज लगाए; वैष्णव भक्तजनमाथि अत्याचार गरे; तिनका मूर्तिहरू उखेलेर समुद्रमा फाल्न लगाए। परिणाम, धेरै वैष्णव प्रजा देश छोडी अन्तै गए र देश नछोड्नेहरू शैव धर्म अपनाउन बाध्य भए। यहाँनिर पश्चिमी डेक्कनका प्रमुख गैरब्राह्मण देवता खन्डोबा र मल्ल-मणि नाउँका दानव दाजुभाइबिच भएको सङ्घर्षलाई सम्झिनु सान्दर्भिक हुन्छ। यो सङ्घर्षको गाथा ब्रह्मपुराणको हिस्सा मानिने मल्लारीमहात्म्यमा पाइन्छ। गाथाअनुसार मल्लका सबै सेनापतिहरू हार्छन् र मणि मात्र बच्छ। मणि पनि हारेपछि अन्त्यमा खन्डोबाले त्यो दानवको टाउकोमा खुट्टाले छुन्छन्। तब मणिको हृदय एकाएक परिवर्तन हुन्छ।


बलप्रयोगद्वारा धर्मान्तरणको सबैभन्दा स्पष्ट प्रमाण कर्नाटकमा पाइन्छ। यसमा जैनहरूलाई वीरशैवहरूले धर्मान्तरण गराएका थिए। अभिलेखअनुसार कर्नाटकमा जैनहरूमाथि एकान्तद रामैया विजयी भएपछि ठुलो सङ्ख्यामा जैनहरूलाई वीरशैव धर्ममा धर्मान्तरण गरिन्छ। बलप्रयोग नगरी एकाएक यति धेरै जैनहरूलाई धर्मान्तरण गर्न सम्भव थिएन। खासमा वीरशैवहरू व्यवस्थित रूपमै धर्मान्तरण कर्ममा लागेका थिए। सन् ११५६ मा बासवले कल्याणमा एउटा मठ स्थापना गरे। त्यसको मुख्य काम नै धर्मान्तरण गराउनु थियो। १२ औँ शताब्दीपछि भारतका विभिन्न स्थानमा बनाइएका पाँच परम्परागत वीरशैव मठहरूको काम पनि त्यही थियो। माथि उल्लेख विभिन्न प्रमाणबाट ब्राह्मणवादी सम्प्रदायहरूले अरूलाई जबरजस्ती धर्मान्तरण गराउने गरेको तथ्य स्पष्ट हुन्छ। त्यसैले इसाई र मुस्लिम धर्मलाई मात्र जबरजस्ती धर्म परिवर्तन गराउने जस दिन मिल्दैन!

प्रमाणहरूले मानिसहरूलाई बलजफ्ती धर्मान्तरण गइन्थ्यो भन्ने प्रस्ट्याउँछन्। तर, सधैँ यस्तो हुँदैनथ्यो। यसका अनेक प्रमाण छन्। पुराणहरू धेरै त मध्यकालको आरम्भमा र पछिका शताब्दीमा लेखिएका थिए। तिनले भारतभरि नै मानिसको धर्म परिवर्तन गराउन महत्त्वपूर्ण भूमिका खेले। माथि पनि भनियो, पुराणहरूमा धर्मान्तरणमा संलग्न बौद्ध र जैनजस्ता शास्त्रविरोधी धर्मको घोर आलोचना पाइन्छ। विष्णुपुराणमा एक ठाउँमा बुद्ध दैत्यहरूको दिमागमा वेदविरोधी विचार भर्न धर्तीमा आएका थिए भनी लेखिएको छ। यसैगरी मानिसहरूलाई गैरब्राह्मण सम्प्रदायमा धर्मान्तरण गर्ने कार्यको विरोधमा पुराणहरूमा विचारधारात्मक प्रतिरोध पनि पाइन्छ। कलियुगमा ब्राह्मणहरू बौद्ध बन्न सक्ने हुँदा कम्तीमा त्यसलाई रोक्ने आग्रह पुराणहरूको थियो। पुराणहरूले शास्त्रविरोधी विचारहरूको प्रतिरोध मात्र गरेनन्। पुराणहरू सीमावर्ती क्षेत्रमा बसोबास गर्ने विभिन्न जातीय समुदायबिच ब्राह्मणवादी विचार प्रसार गर्ने साधन बने। यसरी पुराणहरूले दोहोरो भूमिका खेले। यो काम बलप्रयोगबाट मात्र सम्भव थिएन भन्ने देखिन्छ।

गैरब्राह्मणवादी जातिको धार्मिक र सांस्कृतिक रूपान्तरणमा पुराणहरूको भूमिका महत्त्वपूर्ण रह्यो। यससँगै मन्दिर र पुजारीहरूलाई भेट वा कोसेलीको रूपमा प्राप्त हुने भूमिदानसम्बन्धी प्रचुर शिलालेखहरूलाई पनि जोडेर हेर्नुपर्छ। यसबाट मध्यकालको आरम्भतिर सीमावर्ती क्षेत्रमा मन्दिर र पुजारीहरूलाई भूमिदान गर्ने चलन व्यापक बनेको थाहा पाइन्छ। यसकारण, भारतका विभिन्न भेगमा ब्राह्मण बस्तीहरू च्याउसरि फैलियो। सांस्कृतिक रूपमा सीमान्तकृत जनजातिहरू बसोबास गर्ने आर्थिक रूपमा पिछडिएका क्षेत्रमा ती बस्तीले विशेष स्थान पाए। यी क्षेत्रमा ब्राह्मणहरू उच्च भौतिक जीवन बिताइरहेका थिए। त्यसैले उनीहरूले आफ्नो विश्वदृष्टि फैलाउन सके। उनीहरूले पुराणमा अभिव्यक्त धार्मिक विश्वास र अभ्यासको प्रचार गरे। यसरी पुराणहरूको प्रचारप्रसार र सीमावर्ती क्षेत्रमा भूमिदानको प्रथा सँगसँगै अघि बढ्यो। यसले एकातिर धार्मिक रूपान्तरणको एजेन्टको काम गर्‍यो। अर्कोतिर, गैरब्राह्मणवादी जनजातिहरूको ठुलो जमातलाई आफूमा मिलायो। यो तथ्य केबाट पनि प्रस्ट हुन्छ भने भूमिदानको नियममा दान लिने व्यक्तिको जिम्मेवारी किटान गरिन्थ्यो। दान लिने व्यक्तिले वैदिक कथाहरू पढाउनुपर्थ्यो र ब्राह्मण कर्मकाण्ड गर्नुपर्थ्यो। यस्ता कथावाचन र कर्मकाण्डले जनजाति समाज र तिनको धर्ममा ब्राह्मणहरूले आफ्नो पैठ बनाउन सक्थे। छत्तिसगढको रायपुर जिल्लामा भेटिएको १८ औँ शताब्दीको एक शिलालेखमा रोचक वर्णन पाइन्छ। यसमा दुई शैव साधु सद्याहशिवाचार्य र सदाशिवाचार्यबारे प्रसङ्ग आउँछ। शिलालेखमा सदाशिवाचार्य र उनका आध्यात्मिक उत्तराधिकारीलाई एउटा मन्दिर र अनेक गाउँमा कालीमाटी (कृष्णतल) युक्त जमिनका अनेक चक्ला दान दिने चर्चा छ। दान पाएकोमा साधुले नि:शुल्क भोजनालय (अन्नस्य सत्राम), यज्ञ, शैव सिद्धान्तको व्याख्या (व्याख्याय:समयस्य) र मोक्ष दिलाउन सक्ने (निर्वाणदक्ष) शैव धर्मको दीक्षा दिनुपर्ने सर्त राखिएको थियो। यो अभिलेखबाट पुजारीहरूलाई सीमावर्ती इलाकामा भूमिदान दिइन्थ्यो भन्ने खुल्छ। साथै के पनि प्रस्ट हुन्छ भने यो भूदानको उद्देश्य जनजातिहरूबिच धार्मिक विश्वास र अभ्यास प्रसार गर्ने र तिनलाई ब्राह्मणवादी सम्प्रदायमा धर्मान्तरण गर्ने हुन्थ्यो।

ब्राह्मणहरूलाई आर्थिक हिसाबले पिछडिएका क्षेत्रमा भूमि वा अन्य वस्तु दान गरिन्थ्यो। ब्राह्मणहरूको बढ्दो वर्चस्वकै कारण पौराणिक कथावाचन र अन्य ब्राह्मणवादी विचारको प्रचारमार्फत अनेक इतर समूहलाई ब्राह्मणवादी सामाजिक-धार्मिक व्यवस्थातर्फ तानियो। साथै, मध्यकालको आरम्भमा भारतका विभिन्न भेगमा विभिन्न जनजाति धर्मलाई ब्राह्मण धर्मका मिसाउने र ब्राह्मणीकरण गर्ने क्रियाकलाप बढ्यो। उदाहरणको लागि, बङ्गालमा पालवंशी शासनको आरम्भमा मनसालाई ब्राह्मण धर्ममा मिसाइयो। उडिसामा पाँचौँ/छैटौँ शताब्दीमा मणिनागेश्वरीलाई राजसी दान दिएर स्तम्भेश्वरी बराबर उच्च महत्त्व दिइयो। स्तम्भेश्वरी शौलिक जनजातिकी देवी थिइन्। यसरी शुल्की शासकहरूको संरक्षणमा यसलाई ब्राह्मण धर्ममा मिसाइएको थियो। तमिलनाडुमा देवी मीनाक्षीलाई पान्डेय शासकहरूको संरक्षणमा ब्राह्मण धर्ममा मिसाइयो। आन्ध्र प्रदेशको तिरूपतिमा आठौँ शताब्दीमा तान्त्रिक सम्प्रदायकी देवी पद्मावतीको मन्दिर बनाएपछि उनी ब्राह्मण धर्मकी महत्त्वपूर्ण देवी बन्न पुगिन्। इतर जनजातिका देवीदेवतालाई तान्त्रिक ब्राह्मण परम्परामा सामेल गरिएको विषयमा यहाँ धेरै भन्नु नपर्ला। जनजातिहरूलाई धर्मान्तरण गर्ने र तिनको धर्म र तिनका देवीदेवतालाई ब्राह्मणीकरण वा संस्कृतकरण गर्ने काम आज पनि चालू छ। विद्वान्हरूले यसलाई प्राय: सांस्कृतिक अन्तर्घुलन भन्न रुचाउँछन्। तर, यो धर्मान्तरणभन्दा उति फरक छैन। यी दुईमा कति मात्र भिन्नता छ भने सांस्कृतिक अन्तर्घुलन लामो प्रक्रिया हो; धर्मान्तरणमा सिद्धान्तत: तत्काल र पूर्णत: धार्मिक बफादारी कायम हुन्छ।


प्राचीन भारतमा ब्राह्मणवादी सम्प्रदायहरूले स्वेच्छा वा प्रतिबद्धताका साथै जबरजस्ती र ललाइफकाई धर्मान्तरण गर्थे। मध्यकालको आरम्भमा धर्मान्तरणलाई नियामक धर्मग्रन्थको वैचारिक आड पनि प्राप्त भयो। यीमध्ये केही ग्रन्थले स्वेच्छा वा बाध्यतावश आफ्नो जन्मौटे धर्म त्यागने मानिसलाई धर्मान्तरण गर्ने अनुमति




दिए। उदाहरणको लागि, देवलस्मृति भन्छ - ब्राह्मण र अन्य जातिका मानिसलाई म्लेच्छहरूले लगेर निषेधित काममा लिप्त बनाए भने तिनलाई प्रायश्चितमार्फत शुद्धि गर्न सकिन्छ। यो स्मृतिको पुनर्निर्मित संस्करणमा म्लेच्छशुद्धि नाउँका एउटा अलग्गै पाठ समावेश गरिएको छ। यसमा म्लेच्छहरूले लगेर गएका र ५ देखि २० वर्ष तिनीहरूसँगै बसेका व्यक्तिलाई शुद्धीकरण गर्ने विस्तृत कर्मकाण्डको चर्चा छ। देवल र अन्य स्मृतिका रचयिताहरूको विचारमा धर्म छोडी गएको जोकोहीलाई पुन: आफ्नो जन्मौटी धर्ममा ल्याउन सकिन्छ। प्राचीन कर्मकाण्ड व्रात्यस्तोम बराबर मानिने परावर्तन (पुन:धर्मान्तरण) धर्मान्तरणभन्दा फरक थिएन। म्लेच्छहरूलाई ब्राह्मण धर्ममा धर्मान्तरण गर्ने अनुमति थिएन भन्ने कुनै प्रमाण पाइन्न। किनभने, म्लेच्छ शब्दलाई प्राचीन भारतीय स्रोतहरूमा बहिष्कारको अर्थमा लिइन्थ्यो। १५ औँ शताब्दीसम्म विभिन्न जनजाति समूहलाई म्लेच्छ भनिन्थ्यो। त्यसपछि मुसलमानहरूलाई जनाउन म्लेच्छ शब्दको व्यापक प्रयोग हुन थाल्यो। पुन:धर्मान्तरणको यही विचारले पक्कै पनि १९ औँ शताब्दीमा आर्यसमाजले चलाएको शुद्धि आन्दोलनको ढोका खोल्यो। यो त्यही धर्मान्तरण थियो, जसलाई सन् १८९७ मा विवेकानन्दले स्थापना गरेको रामकृष्ण मिसनले अघि बढायो। विवेकानन्द 'अमेरिका मूर्तिपुजक मिसनरीहरूले भरिएको' देख्न चाहन्थे। उनी 'अमेरिका र युरोपलाई केही दशकभित्रै धर्मान्तरण गर्ने भव्य विचार' मा थिए। त्यही धर्मान्तरणलाई आजभोलि विश्व हिन्दू परिषद् र राष्ट्रिय स्वयंसेवक सङ्घका विभिन्न सङ्घसङ्गठनले भारत र विदेशमा जोडतोडका साथ अघि बढाइरहेका छन्।

सारमा, के भन्न सकिन्छ भने प्राचीन भारतका मानिसहरूको धार्मिक जीवनमा अनेक महत्त्वपूर्ण धार देखिन्छ। पहिलो, भारतका विभिन्न भूभागमा अनेक धार्मिक सम्प्रदायहरू थिए। दोस्रो, धार्मिक बहुलताकै कारण अनेक ब्राह्मणवादी सम्प्रदायबिच मात्र होइन उनीहरू र बौद्ध-जैनजस्ता शास्त्रविरोधी अन्य धर्मबिच पनि शत्रुता जन्मियो। यसले धार्मिक-दार्शनिक वैमनस्य र हिंस्रक द्वन्द्वको रूप लियो। तेस्रो, प्रतिस्पर्धी, विरोधी र उन्मादी मोक्षशास्त्रका कारण धर्मगुरुहरूले साधारणजनलाई आआफ्ना सम्प्रदायमा धर्मान्तरण गर्न थाले। जन्मैले असहिष्णु ब्राह्मणवादी सम्प्रदायहरूले मध्यकालको आरम्भमा अरूको धर्म परिवर्तन गर्दै आफूमा मिलाउन थाले। यो कार्य आज पनि जारी छ। यी सबै प्रमाण तथाकथित हिन्दू सहिष्णुताको थोत्रो भाष्यसँग मेल खाँदैनन्। यसो भन्दैमा विभिन्न धार्मिक सम्प्रदायहरूले एकअर्काबाट धेरै कुरा सापति लिएको कुरालाई अस्वीकार गर्न मिल्दैन। यही लेनदेनमार्फत सयौँ वर्षको अन्तरालमा एउटा सांस्कृतिक योग पैदा भयो। तर, यसबारे मैले अन्तै चर्चा गरेको छु।

*समाप्त*






पाकिस्तानको राजधानी इस्लामावादमा काश्मिरको स्वाधीनताका लागि पाकिस्तानको ऐक्यबद्धताको वार्षिक दिवस मनाउन प्रदर्शन गर्दै पाकिस्तान नियन्त्रित काश्मिरका विद्यार्थीहरू फेब्रुअरी ५, २०२६ का दिन ।

*तस्बिर : आमिर कुरैशी/एएफपी*

# बेलायतद्वारा बोइङ- ७८७ इन्धन स्विच घटनामा एयर इन्डियासँग स्पष्टीकरण माग

बेलायत २२ माघ (एएनआई) । सम्भावित त्रुटिपूर्ण इन्धन स्विचको बाबजुद बोइङ ड्रीमलाइनर विमान बेलायतबाट प्रस्थान गरी सुरक्षा जाँचका लागि भारतमा अवतरण गरेपछि बेलायतको नागरिक उड्डयन प्राधिकरणले एयर इन्डियासँग स्पष्टीकरण मागेको छ ।

रोयटर्सका अनुसार एक हप्ताभित्र पूर्ण जवाफ पेस नगरे एयर इन्डिया र यसको बोइङ ७८७ फ्लीटविरुद्ध नियमनकारी कारबाही सुरु गर्न सकिने भन्दै उड्डयन प्राधिकरणले फेब्रुअरी- ३ तारिखको पत्रमा एयरलाइनलाई सूचित गरेको जनाइएको छ ।

एयर इन्डियाको बोइङ-७८७ मा सुरक्षा जाँचको क्रममा एयरलाइन्सले आफ्ना सबै विमानहरूमा इन्धन नियन्त्रण स्विचहरूको निरीक्षण पूरा गरेको स्रोतहरूले जनाएको छ ।

एयर इन्डियाको बोइङ ७८७-विमान सोमबार एक पाइलटले इन्धन नियन्त्रण स्विचमा सम्भावित त्रुटि भएको रिपोर्ट गरेपछि ग्राउन्डेड गरिएको थियो । एयर इन्डियाका प्रवक्ताले पाइलटले यो जानकारी देशको उड्डयन नियामक, नागरिक उड्डयन महानिर्देशनालय (डिजिसिए) लाई सूचित गरिएको पुष्टि गर्नुभएको छ । डजिसिएको निर्देशनपछि एयर इन्डियाले आफ्नो फ्लीटमा रहेका सबै बोइङ ७८७ विमानहरूमा इन्धन नियन्त्रण स्विचहरू जाँच गरेको थियो र कुनै समस्या फेला नपरेको जनाएको छ । एयर इन्डियामा यात्रु र चालक दलका सदस्यहरूको सुरक्षा सर्वोच्च प्राथमिकता रहेको प्रवक्ताले बताउनुभएको छ ।

घटनापछि भारतीय पाइलट महासङ्घ (एफआइपी) का अध्यक्ष क्याप्टेन सिएस रन्धावाले इन्धन नियन्त्रण स्विचको अनियन्त्रित आवागमनमा बारम्बार हुने घटनालाई उद्धृत गर्दै बोइङ-७८७ विमानमा सम्भावित विद्युतीय त्रुटिको तत्काल अनुसन्धान गर्न डिजिसिए र एयरक्राफ्ट एक्सिडेन्ट इन्भेस्टिगेसन ब्युरो (एएआइबी) लाई आग्रह गर्नुभएको छ ।

क्याप्टेन रन्धावाले बोइङ - ७८७ विमानमा इन्धन नियन्त्रण स्विचको अनियन्त्रित आवागमन रेकर्ड गरिएको यो तेस्रो घटना भएको बताउनुभएको छ ।

डिजिसिएले मङ्गलबार, एयर इन्डियाको बोइङ बी-७८७-८ विमानमा इन्धन कट-अफ स्विचको खराबीको बारेमा प्रत्युत्तर जारी गरेको जनाइएको छ ।

# आईएसएसको सहकार्य युगको अन्त्य

पेरिस, २२ माघ (एएफपी) । अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन ( आइएसएस) सन् २०३० मा पृथ्वीमा फर्किंदा यसले करिब तीन दशक लामो शान्तिपूर्ण अन्तर्राष्ट्रिय सहकार्यको अन्त्यलाई सङ्केत गर्नेछ । साथै, अन्तरिक्ष मानव जीवन र विश्वव्यापी सहकार्यको केन्द्र बनेको एउटा महत्त्वपूर्ण युगको समाप्ति पनि यसले जनाउनेछ ।

नोभेम्बर २००० यता, फुटबल मैदानको आकार बराबरको वैज्ञानिक प्रयोगशालामा सधैँ मानिसहरूको उपस्थिति रहँदै आएको छ । पृथ्वी वरिपरि करिब आठ किलोमिटर प्रतिसेकेन्डको गतिमा परिक्रमा गर्ने आइएसएसले वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र मानवीय सहकार्यलाई निरन्तर अघि बढाउँदै आएको छ ।

अन्तरिक्ष यात्रीहरूको नयाँ टोली आगामी हप्तामै स्टेशनतर्फ प्रस्थान गर्न तयारी अवस्थामा रहँदा, जमिनबाट आइएसएसलाई सहयोग गर्ने धेरै व्यक्ति यसको आसन्न अन्त्यप्रति भावुक देखिएका छन् । नासाको विज्ञान तथा मिसन सिस्टम अफिसका पूर्वप्रबन्धक जोन होर्याकले आइएसएस सीमा, भाषा र संस्कृतिभन्दा माथि उठेर मानवीय सहयोग र सहकार्यको केन्द्र बनेको बताउनुभयो ।

उहाँले २५ वर्षभन्दा बढी समयदेखि अन्तरिक्षमा २४ घण्टा, वर्षभरि मानिसको उपस्थिति रहनु मानव इतिहासकै असाधारण उपलब्धि भएको उल्लेख गर्नुभयो । उहाँका अनुसार, आइएसएसले समस्या समाधानमा टकरावभन्दा सहकार्य रोज्ने मानव क्षमताको स्पष्ट प्रमाण प्रस्तुत गरेको छ ।

शीतयुद्धपछि अन्तरिक्ष दौडका पुराना प्रतिद्वन्द्वी रुस र संयुक्त राज्य अमेरिकाबिचको सहकार्यको नयाँ भावना झल्काउँदै आइएसएसको प्रस्ताव अघि बढाइएको थियो । युक्रेनमा मस्कोको युद्धका कारण रुस र पश्चिमबिच धेरै सम्बन्ध चिसिँदै गए पनि अन्तरिक्ष स्टेशनमा सहकार्य भने निरन्तर जारी रहनु उल्लेखनीय मानिएको छ ।

फ्रान्सको अन्तरिक्ष एजेन्सी सिएनइएसका लियोनेल सुचेतले मानव अन्तरिक्ष उडानको इतिहास पहिलो र सबैभन्दा महत्त्वपूर्ण अन्तरिक्ष दौड भएको बताउनुभयो । उहाँले आइएसएसको विकासलाई अन्तरिक्ष अन्वेषणको दृष्टिले अत्यन्तै रोचक चरणका रूपमा वर्णन गर्नुभयो । सुचेतले सन् २००१ मा मिर स्पेस स्टेसनको डि-अर्बिटिङ देखेपछि आइएसएसका प्रारम्भिक परियोजनाहरूको समन्वय गरेको अनुभव पनि स्मरण गर्नुभयो ।

यद्यपि समयसँगै आइएसएस पुरानो बन्दै गएको छ र यसका धेरै उपकरणहरू पनि म्याद सकिने चरणमा पुगेका छन् । नासाले गत वर्ष एलन मस्कको स्पेसएक्सलाई सन् २०३० मा आइएसएसलाई पृथ्वीको वायुमण्डलतर्फ सुरक्षित रूपमा फिर्ता ल्याउन सक्ने विशेष वाहन निर्माणको जिम्मा दिएको घोषणा गरेको थियो ।

होर्याकका अनुसार, शक्तिशाली रकेट इन्जिन प्रयोग गरेर आइएसएसको गति कम गरिनेछ र यसलाई जमिन, मानिस वा अन्य कुनै सम्भावित जोखिमबाट टाढा राख्दै प्रशान्त महासागरको दुर्गम क्षेत्रमा पुन:प्रवेश गराइनेछ । यसअघि मिरसहित धेरै अन्तरिक्ष यान र टेलिस्कोपहरू पोइन्ट नेमो भनिने यही समुद्री क्षेत्रमा खसालिएका थिए ।

सन् २०३० पछि पृथ्वीको तल्लो कक्षामा चीनको तियाङ्गोङ अन्तरिक्ष स्टेशन मात्र रहनेछ । भविष्यलाई लक्षित गर्दै अमेरिकाले निजी कम्पनीद्वारा निर्माण र सञ्चालन गरिने अन्तरिक्ष स्टेशनतर्फ बढी ध्यान केन्द्रित गरिरहेको छ ।

होर्याकले रकेट र उपग्रहमा जस्तै अन्तरिक्ष स्टेशनहरू पनि व्यावसायिक आयामतर्फ अघि बढिरहेको बताउनुभयो । यस अवस्थामा राष्ट्रिय अन्तरिक्ष एजेन्सीहरूले निजी कम्पनीलाई शुल्क तिरेर आफ्ना अन्तरिक्ष यात्री पठाउनुपर्ने अवस्था आउनेछ । जेफ बेजोसको ब्लु ओरिजिन र एक्सिओम स्पेसलगायत कम्पनीहरूले पहिलो व्यावसायिक अन्तरिक्ष स्टेशन निर्माणका योजना अघि बढाइरहेका छन् ।

सुचेतका अनुसार यस्ता परियोजनाहरूको व्यापार मोडेल अझै पनि धेरै हदसम्म संस्थागत नै रहनेछ, किनकि देशहरू पृथ्वीको तल्लो कक्षामा अन्तरिक्ष यात्री पठाउन सधैँ इच्छुक रहनेछन् । उहाँका अनुसार वैज्ञानिक अनुसन्धान र अन्वेषण सम्पूर्ण मानवताको साझा उद्देश्य बनेको छ ।

मानव चन्द्रमामा पुगेपछि अन्तरिक्षमा राष्ट्रहरूको व्यवहार नियमन गर्ने सन्धिहरू यथावत् रहने कि नहुने भन्ने प्रश्न खुला नै रहेको छ । अमेरिका र चीन दुवैले चन्द्रमामा आधार निर्माण गर्ने योजना अघि सारेका छन् ।

होर्याकका लागि आइएसएसको अन्त्य भावनात्मक रूपमा निकै दु:खद क्षण हो । उहाँले आफ्ना छोराछोरीले आँगनमै उभिएर आइएसएसको उडान हेर्दै हुर्किएको अनुभव सम्झनुभयो ।

तर उहाँका अनुसार, एउटा युगको अन्त्यले अर्को युगको सुरुआत पनि जनाउँछ । मानवले अन्तरिक्ष यात्रा क्षमता, अन्तरिक्ष अन्वेषण र अन्तरिक्षको उपयोगमार्फत सामाजिक, आर्थिक, शैक्षिक तथा जीवनस्तर सुधारतर्फ अझ अघि बढ्नुपर्ने उहाँको धारणा छ ।

युरोपेली अन्तरिक्ष एजेन्सीका पूर्वप्रमुख जीन-ज्याक डोर्डेनको भनाइ उद्धृत गर्दै उहाँले भन्नुभयो, "छिटो जान चाहनुहुन्छ भने एक्लै जानुहोस् । धेरै टाढासम्म जान चाहनुहुन्छ भने सँगै जानुहोस् ।"

# तीन महिनामा करिब एक लाख अफगान परिवार स्वदेश फिर्ता

काबुल, २२ माघ (एएनआई) । विगत तीन महिनामा इरान, टर्की र पाकिस्तानबाट ९४ हजार परिवारहरू स्वेच्छिक वा जबरजस्ती रूपमा निर्वासनको माध्यमबाट अफगानिस्तान फर्केको अफगानिस्तानको शरणार्थी र स्वदेश फिर्ती मन्त्रालयलाई उदृत गर्दै टोलो न्यूजले पुष्टि गरेको छ ।

अधिकारीहरूले फर्कनेहरूमध्ये ८८ हजारभन्दा बढी परिवारहरू पाकिस्तानबाट मात्रै फर्केको जनाउँदै यसले अफगानिस्तानमा सीमापार फिर्तीको मात्रा र पुनर्एकीकरण प्रणालीहरूमा दबाब बढेको जनाएका छन् ।

यसै बिच मन्त्रालयले फर्केका मानिसहरूलाई प्रदान गरिएको सहायताको रूपरेखासमेत प्रस्तुत गरेको छ । शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयका प्रवक्ता अब्दुल मुत्तालिब हक्कानीले "फर्कने आप्रवासीहरूका लागि अफगानिस्तानको इस्लामिक इमिरेट्सले खाद्यान्न सहायता, स्वास्थ्य सेवा, नि:शुल्क सिम कार्ड र अन्य सहयोग प्रदान गरेको बताउनुभएको छ ।

शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त (यूएनएचसीआर) लाई उद्धृत गर्दै गत वर्ष लगभग १० लाख अफगान आप्रवासीहरू पाकिस्तानबाट फर्केको उल्लेख गर्दै दैनिक आगमन जारी रहदा औसत दुइ हजार व्यक्तिहरू हरेक दिन अफगानिस्तानमा प्रवेश गरिरहेका टोलो न्यूजले जनाएको छ ।

फिर्तीको गति बढ्दै जाँदा, आप्रवासी अधिकारकर्मीहरूले अधिकारीहरूलाई दीर्घकालीन पुनर्एकीकरणलाई प्राथमिकता दिन आग्रह गरेका छन् । नाजर नाजारीले आप्रवासीहरूमा मात्र ध्यान केन्द्रित नभई फिर्ती सूचित र दिगो विकल्प भएको बताउनुभएको छ । जहाँ आप्रवासीहरूले रोजगारी, आय, र आवास, शिक्षा र स्वास्थ्य सेवा जस्ता आधारभूत सेवाहरूमा पहुँच पाउँछन् ।

चिन्ता व्यक्त गर्दै, अली रेजा करीमीले निर्वासनका लागि चरणबद्ध दृष्टिकोण अपनाउन आह्वानसहित मानवीय सङ्कटहरू रोक्नका लागि छिमेकी देशहरूबाट आप्रवासीहरूको निष्कासन बिस्तारै र व्यवस्थित तरिकाले गरिनु पर्ने बताउनुभएको छ ।

यसैबिच, पाकिस्तानबाट फर्केका धेरै व्यक्तिहरूले पाकिस्तानी प्रहरीले गरेको दुर्व्यवहार, उत्पीडन र निरन्तर नजरबन्दमा चिन्ता व्यक्त गर्दै अफगानिस्तानको इस्लामिक इमिरेट्सका अधिकारीहरूलाई तत्काल हस्तक्षेप गर्न आह्वान गरेको टोलो न्यूजले जनाएको छ ।

# दक्षिण सुडानको अस्पतालमा आक्रमण

नैरोबी, ५ फेब्रुअरी (क्यूएनए) । डक्टरस विदाउट बोर्डर्स (एमएसएफ) ले दक्षिण सुडानको जोङ्लेई राज्यमा दुई लाखभन्दा बढी मानिसहरूलाई स्वास्थ्य सेवा दिइरहेको एक अस्पतालमा हवाई आक्रमण भएको बताएको छ ।

आक्रमणको क्रममा अस्पतालको मुख्य गोदाम नष्ट भएकाले चिकित्सा सेवा उपलब्ध गराउनका लागि अधिकांश सामाग्रीहरू गुमाएको एमएसएफले बताएको छ ।

दक्षिण सुडानको सशस्त्र बलको सरकार देशमा हवाई आक्रमण गर्ने क्षमता भएको एक मात्र सशस्त्र दल भएको सङ्गठनले विज्ञप्तिमार्फत स्पष्ट पारेको छ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार दक्षिण सुडानमा महिनौँदेखि चलिरहेको द्वन्द्वले देशमा गृहयुद्धको पुनरुत्थानको डर बढाएको छ ।

इथियोपियाको सिमानामा देशको पूर्वमा अवस्थित जोङ्लेईमा टुलो लडाइँ भएको छ, जहाँ सरकारी फौजले सुडान पिपुल्स लिबरेसन आर्मीका वफादार लडाकुहरूको आक्रमण रोक्न खोजिरहेका छन् ।

लन्किएनको अस्पतालमा भएको हवाई आक्रमणमा यसका एक जना स्टाफलाई सामान्य चोट लागेको सङ्गठनले बताएको छ । सम्भावित आक्रमणको सूचना पाएपछि केही घन्टा अघि नै अस्पताल खाली गरी बिरामीहरूलाई डिस्चार्ज गरिएको जनाइएको छ ।

गत महिना दक्षिण सुडानको सेनाले संयुक्त राष्ट्रसङ्घीय मिसन र परोपकारी संस्थाहरूका नागरिक र कर्मचारीहरूलाई विपक्षी शक्तिहरूविरुद्धको कारबाही अघि जोङ्लेई राज्यका तिनवटा काउन्टीहरू खाली गर्न आदेश दिएको थियो ।

# आणविक बम पीडितमा युद्धको गहिरो त्रास

टोकियो, ५ फेब्रुअरी (एएफपी) । अमेरिका-रुसबिचको अन्तिम हातहतियार नियन्त्रण सन्धि 'न्यु स्टार्ट' समाप्त भएपछि जापानका आणविक बम पीडितहरूले विश्व आणविक युद्धतर्फ उन्मुख भइरहेको भन्दै गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

क्यालेन्डरको मोडसँगै ५ फेब्रुअरीदेखि लागू हुने गरी न्यु स्टार्ट सन्धि अन्त्य भएको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले प्रस्ताव गर्नुभएको एक वर्षका लागि आणविक वारहेड सीमा विस्तार गर्ने प्रस्तावमा पछ्याउने कदम नचालेपछि सन्धि स्वत: समाप्त भएको हो ।

सन् १९४५ मा अमेरिकाले हिरोशिमा र नागासाकीमा खसालेका आणविक बमबाट बाँचेकाहरूको संस्था निहोन हिदान्क्योका सह-अध्यक्ष तेरुमी तानाकाले विश्व समुदायले यस विषयको गम्भीरतालाई समयमै बुझ्न नसकेको बताउनुभयो ।

कट्टर अहिंसावादी आम नागरिकहरूबाट सुरु भएको अभियान समूह निहोन हिदान्क्योले सन् २०२४ मा नोबेल शान्ति पुरस्कार प्राप्त गरेको थियो ।

हालको अवस्थालाई हेर्दा आणविक युद्ध टाढाको भविष्यको कुरा नभई नजिकैको यथार्थ बन्न सक्ने डर आफूलाई लागेको तानाकाले जापानी अभियानकर्ताहरूसँग आयोजित पत्रकार सम्मेलनमा बताउनुभयो । उहाँका अनुसार संसार विनाशको दिशातर्फ अघि बढिरहेको सङ्केतहरू स्पष्ट देखिन थालेका छन् ।

**नेपाल क्षयरोग निवारण संस्था**

जिल्ला शाखा, भक्तपुर

यस नेपाल क्षयरोग निवारण संस्था, भक्तपुर शाखाको ४६ औं जिल्ला सभा निम्न मिति, समय र स्थानमा हुने हुँदा पत्र प्राप्त भइनसकेका सम्पूर्ण सदस्यज्यूहरूलाई यसै सूचनालाई आधार मानी गरिमामय उपस्थितिका लागि सादर आमन्त्रण गर्दछौं ।

**कार्यक्रम**
मिति : २०८२ माघ २४ (नेसं ११४६ सिल्लागा षष्ठी)
समय : दिउँसो २:१५ बजे
स्थान : जिल्ला समन्वय समितिको सभा हल, भक्तपुर

# छ जवाफ ‘ठुला’ दलहरूसँग ?

एस.डी.राजचल

हरेक वर्षको माघ १० गते नेपाल मजदुर किसान पार्टीले आफ्नो स्थापना दिवस मनाउँदै आइरहेको छ । वि.सं २०३१ साल माघ १० गते अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा स्थापना भएको नेमकिपाले यस वर्ष आफ्नो ५२ औँ स्थापना दिवस माघ महिनाभरि विभिन्न रचनात्मक कार्यक्रम गरी मनाइरहेको छ । मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालाई आफ्नो मार्गनिर्देशक सिद्धान्त मानी कामदारवर्गको पक्षमा सक्रिय रही पार्टीले आफ्ना जनवर्गीय र पेसागत सङ्गठनहरूलाई राजनीतिक रूपमा सचेत पार्ने काममा अहोरात्र खटाउँदै आइरहेको छ । पार्टीले आफूलाई इमानदारीता, सिद्धान्तनिष्ठताको बलियो जगमा उभ्याउँदै आएको कुरामा दुईमत छैन । पार्टीले वर्गसङ्घर्षलाई जोड दिँदै वैज्ञानिक समाजवाद र साम्यवादलाई आफ्नो आजु बनाएको छ ।

**सिद्धान्तमा खेलाँची, हिमालमा चिप्लेटी**

हरेक दलको आ-आफ्नो सिद्धान्त हुने गर्दछ, हुनुपर्दछ । सिद्धान्तबिनाको राजनीति जराबिनाको रुखझैँ हुने गर्दछ । दलहरू यही सिद्धान्तलाई आफ्नो मार्गनिर्देशक सिद्धान्तको रूपमा आत्मसात गर्ने गर्छन् । सिद्धान्तको आधारमा नै विभिन्न राजनीतिक क्रियाकलापहरूका माध्यमबाट जनतालाई सुसूचित गर्ने काम गर्छन् । नेमकिपाले वैज्ञानिक समाजवादलाई मार्गनिर्देशक सिद्धान्त मानेको छ । यसै सिद्धान्तलाई व्यापक जनतामाझ प्रचार गरी शासन सत्तालाई कामदारवर्गको पक्षमा कायम गर्ने विषयमा वकालत गर्दै आइरहेको छ । बहुमत जनताको मुक्तिको लागि वैज्ञानिक समाजवादको स्थापना आवश्यक भएको कुरा कार्यक्रममार्फत जानकारी दिने र आफ्नो सिद्धान्त वा आजुमा पुग्नको लागि गर्नुपर्ने कर्तव्यबारे छलफल हुन्छ । सिद्धान्त केवल कागजको खोस्टा होइन, यो दलको वैचारिक र दार्शनिक हतियार हुने गर्दछ । जुनसुकै समाजमा पनि दलको बन्दोबस्त हुने गर्दछ किनकि राज्यसत्ता दलको नियन्त्रणमा हुने गर्दछ । यस आधारमा दल सिद्धान्तहीन हुनुहुँदैन । सर कार सिद्धान्त कार्यान्वयन गर्ने गराउने माध्यम हो ।

नेमकिपाले सरकारको नेतृत्व गर्ने माध्यम वर्गसङ्घर्षलाई मान्दै आइरहेको छ । पुँजीवादी निर्वाचनबाट वैज्ञानिक समाजवाद स्थापना सम्भव छैन । नेमकिपा सिद्धान्त, विचार र गतिविधि प्रचार गरी जनतालाई राजनीतिक रूपमा सचेत र सङ्गठित पार्नुपर्ने विचारमा अडिग छ । ऊ जनतालाई झूटा आश्वासन दिने र भ्रम छर्ने कामको सशक्त विरोध गर्दछ । सच्चा कम्युनिस्ट पार्टीले भ्रमको राजनीति गर्दैन । आज नेपालको राजनीतिक डबलीमा धेरै राजनीतिक दलहरू उत्रिसकेका छन् । कतिपय दलको सिद्धान्त वा विचार नै स्पष्ट छैन । दर्शनबिनाको पार्टी कुनै पनि बेला अस्तित्वहीन हुनसक्छ । कसैसँग बदला लिन वा प्रतिशोध साँध्न पनि दल खोल्ने गलत परिपाटीको विकास भएको छ । भएका कतिपय राजनीतिक दलको उद्देश्य सत्ता प्राप्त गर्ने र देश र जनताको नाममा राष्ट्रिय ढुकुटीमा ब्रम्ह्मलुट गर्नु रहेको छ ।

जस्तै कठिन परिस्थिति आए पनि नेमकिपाले आफ्नो दर्शनलाई अहिलेसम्म निरन्तर अगाडि बढाइरहेको छ । नेमकिपा सिद्धान्तबाट कति पनि विचलित नभई राजनीतिक यात्रातर्फ अगाडि बढिरहेको छ । यस अर्थमा नेमकिपाले नेपालको राजनीतिक डबलीमा आफ्नो विशेष पहिचान कायम गरेको छ भने कम्युनिस्ट पार्टी भनिएकाहरूका लागि ‘प्रकाशस्तम्भ’ को रूपमा काम गरिरहेको कुरा कसैबाट छिप्न सक्दैन ।

**सरकारमा नजाने नीतिबारे**

निर्वाचनबाट आउने सरकारले बहुमत जनताको हित गर्न नसक्ने धारणा नेमकिपाको हो । प्रजातन्त्रमा बहुमत प्राप्त राजनीतिक दलले सरकारको नेतृत्व गर्ने र दोस्रो बहुमत प्राप्त गर्ने दलले समर्थन, आलोचना वा विरोध गर्ने संसदीय प्रणालीको अभ्यास गर्नुपर्ने विषय नेमकिपाले सडकदेखि सदनसम्म उठाउँदै आइरहेको छ । जसलाई सरकारमा जान्ने ‘म्यान्डेट’ दिएको हुँदैन, त्यस दलले सरकारमा जानु प्रजातन्त्रविपरीत हुनेछ । नेपालमा राजनीतिक अस्थिरता मात्रै होइन अब त चरम अस्थिरताको बाटोमा लागेको छ कि भन्ने छ । अस्थिरताको बाटोमा लाग्दा सिङ्गो मुलुक ‘कम्पासबिनाको जहाज’ झैँ हुने धेरैको अनुमान छ । पुँजीवादी दलहरूका क्रियाकलाप र अभिव्यक्ति हेर्दा होइन भन्ने आधार पनि भेटिँदैन । गलत बाटोबाट सत्तारोहण गरेका दलहरूले आज देशलाई दिशाहीन बनाएको महसुस सर्वत्र गरिँदै छ । सरकारमा गएर जनताको सेवा गर्नुभन्दा सरकारमा जानु नै कमाउनको लागि हो भन्ने पर्न थालिसकेको छ । जीवनमा एकपटक मन्त्री हुनुपर्ने रोग नै लागिसकेको छ ।

विचारमा स्पष्ट र सिद्धान्तमा अडिग दल कहिल्यै कसैसँग झुक्नुपर्ने पर्दैन भन्ने कुरा नेमकिपाले सिद्धान्ततः स्पष्ट पारेको छ । जतिसुकै सीट जितेर सरकारको नेतृत्व गर्ने दल पनि सिद्धान्तहीन हुँदा आज नेमकिपाजस्तो उनीहरूकै शब्दमा ‘सानो’ दलको अगाडि झुक्न बाध्य भएका थुप्रै उदाहरणहरू छन् नेपाली राजनीतिमा । अहिलेसम्म आफ्नो सैद्धान्तिक अडानकै कारण सरकारमा सहभागी नभएको हुँदा नेमकिपाका नेता कार्यकर्ताहरू सत्तासीन पार्टीका जुनसुकै तहका नेतासँग पनि शिर ठाडो पारेर आफ्नो विचार प्रस्तुत गर्न सक्षम भएका हुन् । तिनीहरूको विरोध र आलोचना गर्ने शक्ति पार्टीको यही सैद्धान्तिक हतियारका कारण सफलता मिलेको हो । विदेशीको भाषा नबोल्ने, नेपाल र नेपालीको अहितमा विदेशीले भनेको कार्यमा संलग्न नहुने, देशको सार्वभौमसत्ता रक्षार्थ निरन्तर आवाज उठाउने, भ्रष्टाचारजन्य कुनै पनि काममा सहभागी नहुने बरु त्यसको भण्डाफोर गर्ने, जनतालाई आश्वासन र भ्रममा नपार्ने, सरकारमा गएका दलहरूलाई निरन्तर खबरदारी गर्ने, प्रजातन्त्रविपरीतका गतिविधिहरू कुनै पनि दलले गरे त्यसको खबरदारी गर्ने, सरकारको एक पैसा हिनामिना नगर्ने र पारदर्शी रूपमा प्रस्तुत हुने, कुनै पनि सरकारी पद र आयोगका लागि राजनीतिक भागबन्डा नगर्ने, निर्वाचनमा आचारसंहिताविपरीत कुनै पनि गतिविधि नगर्नेजस्ता नेमकिपाका कार्यहरूदेखि पुँजीवादी दलहरू छटपटाउने गर्छन् । जतिसुकै कठिन परिस्थितिमा पनि नेमकिपाले आफ्नो ‘धर्म’ निभाउने काममा सफलता पाउँदै आएको छ ।

सरकारमा जान्न उद्यत दलहरूलाई समेत नेमकिपाले प्रजातन्त्रको पाठ पढाउने गरेको छ । सिद्धान्तहीन चुनावी गठबन्धनको सदैव विरोध गर्दै आएको दलले फरक सिद्धान्त बोकेका दलहरूबिच सत्ताको भागबन्डाले देशलाई अन्योल र जटिलतातर्फ धकेल्ने स्पष्ट विचार सार्वजनिक गरेर दलहरूलाई सचेत बनाएकै थियो । तर, ‘भीरबाट खस्ने गोरुलाई राम राममात्र भन्न सकिन्छ’ भनेझैँ आफूलाई ठुला भन्ने पुँजीवादी दलहरूले नेमकिपाको सुझावलाई कहिल्यै प्राथमिकतामा नपारी ठुला दलको अहङ्कारजन्य विगतको गतिविधिका कारण आज इतिहासकै कठिन मोडमा ती दलहरू पुगेका छन् । सैद्धान्तिक राजनीतिलाई जोड नदिई सङ्गठन विस्तार गर्ने नाउँमा गरिएको फोहरी खेलका कारण जनतामा राजनीतिप्रति नै वितृष्णा उत्पन्न हुनुका साथै अवसर, लोभ र राजनीतिक ज्ञानको अभावमा बिहान एउटा दलको सदस्यता लिने, दिउँसो अर्को दलको कार्यक्रममा जाने र साँझ अर्को दलको बैठकमा जाने विकृत र निर्लज्ज राजनीतिक गतिविधि देखिएको छ । सिद्धान्तलाई सत्तामा जाने भऱ्याङ बनाउँदा दलहरूका नेताहरूको अनुहार विकृत भएको छ । चौतर्फी विरोधको आवाज गुञ्जेको छ । निर्वाचनबाट सत्ता हात पार्ने र समाजवादी विशेषताअनुसार नीति बनाउने असफल चेष्टाका कारण देशमा विदेशी चलखेल बढ्दो छ ।

**‘सानो’ एक सामन्ती संस्कार हो**

सानो र ठुलोको सापेक्षित जवाफ छैन । तर, बोलीचालीमा यसको प्रयोग ब्याप्त छ । सानो केलाई भन्ने अनि ठुलो केलाई भन्ने ? आकार प्रकारमा यसको प्रयोग बढी होला तर, गुणमा, विशेषतामा तुलना गर्ने हो भने यसको प्रयोग हुँदैन । आज नेपालका दलहरूमध्ये पुँजीवादी दलहरू त कम्युनिस्ट पार्टीहरूलाई विरोधी दलको रूपमा हेर्छन् र आफ्नो दलभन्दा सानो र ठुलोको सीमित परिभाषाबाट नै दललाई होच्याउने गर्छन् । कम्युनिस्ट पार्टीहरूले त गुण र सिद्धान्तलाई महत्त्व दिनुपर्ने हो । तर, दिइएको पाइँदैन । कसैलाई होच्याउनु ‘सामन्ती संस्कार’ हो । सामन्ती संस्कार वामपन्थी वा कम्युनिस्ट विचारधाराविपरीतको अवधारणा हो ।

निर्वाचनमा धाँधली गर्न पाइँदैन, निर्वाचन आयोगले निर्धारण गरेको रकमभन्दा बढी खर्च गर्न पाइँदैन, मतदातालाई प्रभावित पार्ने गरी रकमलगायत कुनै जिन्सी सामान बाँड्न पाइँदैन, झूटा आश्वासन र भ्रम सिर्जना गर्न पाइँदैन । भोज भतेरको आयोजना गर्न पाइँदैन । तर, शक्ति र सत्ताको आडमा निर्वाचनलाई नै साध्य मानेर निर्वाचन आयोगका कुनै पनि नियम र नीतिको धज्जी उदाउँदै निर्वाचन जितेर अलि बढी सीट जित्ने दलहरू नेमकिपालाई ‘सानो’ ठान्छन् । नेमकिपा एउटा सिद्धान्तमा अडिग दल हो । अनुशासित दल हो । संयमिताका साथ स्वतन्त्र तरिकाले निर्वाचनमा सहभागी हुने गरेको इतिहास हो नेमकिपाको । निर्वाचन जित्नको लागि जुनसकै हठकण्डा गर्न पछि नपर्ने दलहरूले नेमकिपाजस्तो ‘सानो’ पार्टीबाट सिक्ने कुरा धेरै छन् । निर्वाचनलाई उपयोग गर्ने सिलसिलामा, देशभक्ति प्रदर्शन गर्ने सिलसिलामा, स्थानीय निकायलाई देश र जनताको हितमा उपयोग गर्ने सिलसिलामा, प्रजातन्त्र वा लोकतन्त्रलाई व्यवहारमा उतार्ने सिलसिलामा, अनुशासित र संस्कारयुक्त जीवन यापनका सिलसिलामा, अन्तर्राष्ट्रिय कर्तव्य बहनको सिलसिलामा, जनतालाई सचेत पार्न गरिने रचनात्मक क्रियाकलापको सिलसिलामा, नेमकिपाले दिएको योगदान ठुला भनिएका दलहरूको लागि चुनौती बनेको छ । देश हितविरोधी एमसीसी र एसपीपी पारित गर्ने ठुला दलहरूविरुद्ध नेमकिपा एक्लै सङ्घर्षको मोर्चामा उभिएको विगत सचेत नेपाली जनताले भुलेका छैनन् ।

हिजो आज ठुला भनिएका दलहरूले पार्टीमा सदस्य बढाउने नाममा के कस्ता मानिसहरूलाई टीका लगाउँदै सदस्य बनाएका छन् भन्ने कुरा जगजाहेर छ । व्यक्तिको पृष्ठभूमि के हो ? कुन उपाय वा विधिबाट सदस्यता दिने भन्ने कुराको कुनै ख्यालै नगरी ‘ठुला’ भनिएका राजनीतिक दलले सदस्यता दिन गरेको छ । जतिसुकै ठुला अपराधमा संलग्न भएका, अपराधी करार गरी अदालतले सजाय दिएका व्यक्तिहरू पनि आज ठुला दलका ठुलै सदस्यको रूपमा आफ्नो परिचय बनाउन सफल छन् । नेमकिपाले त्यसरी सदस्यता बाँडेको छैन । कम्युनिस्ट पार्टीको आफ्नो छुट्टै विधि छ, त्यही विधि अवलम्बन गरी सदस्यता बाँडिएको हुन्छ । । यसरी विधिमा चल्ने दललाई ‘सानो’ भनी हेप्ने दलहरूको मानसिकता र सोचाइलाई कसरी ‘ठुला’ भन्ने ?

आज जनतामा राजनीतिक वितृष्णा छ, यो वितृष्णा सानोको कारण होइन बरु ठुलै दलका कारण सृजित समस्या हो, उत्पन्न अभिव्यक्ति हो । ठुला दल भनिएकाहरूले साँच्चै सङ्कीर्णतालाई त्यागेर प्रजातन्त्र र गणतन्त्रको मर्म र भावनाअनुसार काम गरेको भए आज वैकल्पिक भनिएका दलहरू पनि सडकमा आउने थिएनन् । प्रजातन्त्र भनेको बहुमतको शासन हो र अल्पमतको कदर गरिन्छ । यहाँ बहुमतको शासन गर्ने कुन दलले अल्पमतको कदर गऱ्यो ? देशको राजनीतिक, आर्थिक र सामाजिकलगायत अन्य क्षेत्रको अवस्था चिन्ताजनक हुनुको पछाडि ‘सानो’ भनिएका दलको हात छ कि ठुलाहरूको ? ठुला भनिएका दलहरू आफैले बनाएको नीति, नियम र कानुनको पालना स्वयम्ले कति गरेको छ ? भागबन्डाको राजनीतिलाई मलजल गरी सबैजसो संवैधानिक आयोगहरूमा आयुक्त नियुक्ति दिने दलहरूले आफ्नो भागमा परेको आयोगको नीति, नियमलाई कति आत्मसात गरेको छ ? सत्ताको वरिपरि कुद्ने र सत्ताभन्दा पर बस्नै नसक्ने ठुला दलहरूसँग के जवाफ छ ?

# अमेरिकाले बनाएको विश्व व्यवस्था तोड्दै ट्रम्प

धीरज नायर

विधिमा आधारित विश्व व्यवस्थाको सबैभन्दा शीर्ष संस्था तथा बलियो प्रतीक भए पनि संयुक्त राष्ट्र सङ्घले आफ्नो ८० वर्षे इतिहासमा प्राय: सधैँ शक्तिशाली राष्ट्रहरूको स्वार्थलाई ढाकछोप गर्ने काम गरेको छ । भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोको अपहरण गरेर तथा आफ्नो देशलाई ६६ अन्तर्राष्ट्रिय संस्थाबाट निकालेर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले त्यो आवरण पनि फालिदिएका छन् । यससँगै अमेरिकाको वास्तविक अनुहार विश्वसामु उदाङ्गिएको छ । अब एउटा यस्तो संसारले आकार लिँदै छ, जहाँ शक्तिले जे गरे, त्यही सही ठहरिन्छ ।

सन् १९४५ मा विश्वयुद्ध अन्त्य भएदेखि सन् १९९१ सम्ममा विश्वमा दुइटा महाशक्ति राष्ट्र थिए- संयुक्त राज्य अमेरिका र सोभियत सङ्घ । दुवैले संसारका फरक क्षेत्रमा आ-आफ्नो इच्छानुसार हस्तक्षेप गरे । कहिले तिनले छद्म युद्धमार्फत त कहिले प्रत्यक्ष युद्धमार्फत धेरै देशलाई ध्वस्त बनाए । तथापि, त्यस अवधिमा दुई महाशक्ति राष्ट्रको अस्तित्वले हुन सक्छ, विश्वले एक खालको सन्तुलन र नियन्त्रणको महसुस गर्थ्यो । त्यो दुईध्रुवीय विश्व कुनै संस्थागत व्यवस्था थिएन, त्यसैले सोभियत सङ्घको पतनसँगै त्यसको पनि अन्त्य भयो ।

सन् १९९० मा सोभियत सङ्घ दृश्यबाट हराएपछिका दशकमा अमेरिकाको नेतृत्वमा एकध्रुवीय संसारको उदय भयो । यो ‘इतिहासको अन्त्य’ को अवधि थियो, जहाँ एउटा राजनीतिक विचारधारा : लोकतन्त्र र एउटा आर्थिक व्यवस्था : स्वतन्त्र बजार विश्वमा दिग्विजयी देखियो । लोकतन्त्रमाथिको जोडका कारण यस अवधिमा ‘शक्तिकै भक्ति’ को अभ्यास भएन । आर्थिक भूमण्डलीकरण र यसको प्राथमिक उपकरण स्वतन्त्र बजार सन् १९८० को दशकमा तत्कालीन अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन र ब्रिटिस प्रधानमन्त्री मार्गरेट थ्याचरले प्रवर्द्धन गरेका थिए । सन् १९९१ पछि पूर्वी कम्युनिस्ट देश तथा चीन, भारतजस्ता ठुला देशसमेत बजारमा आधारित अर्थतन्त्रतर्फ अघि बढे ।

विश्वव्यापीकरणको यस युगलाई अगाडि बढाउन अन्तर्राष्ट्रिय संस्थाहरूले ठुलो भूमिका खेलेका थिए । यद्यपि, अन्य संस्थाको तुलनामा राष्ट्र सङ्घको भूमिका उल्लेखनीय रहेन । ‘ब्रेटन वुड्स’ मा जन्मिएका जुम्ल्याहा संस्थाहरू अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) र विश्व बैङ्क बरु बढी हाबी रहे । दुवैले ल्याटिन अमेरिकादेखि अफ्रिका र एसियासम्म विकासशील देशमा बजारको संरचनात्मक सुधार र वित्तीय अनुशासन कार्यान्वयन गर्न दबाब दिए । यस दिशामा आवश्यक वित्तीय सहयोगसमेत प्रदान गरे । विश्व व्यापार सङ्गठन (डब्लुटीओ) ले सीमापार सामानको स्वतन्त्र प्रवाह सुनिश्चित गर्ने भूमिका निभायो ।

ब्रेटन वुड्स संस्थाहरूमाथि नि:सन्देह अमेरिका र यसका युरोपेली सहयोगीको प्रभुत्व रह्यो । अमेरिकाले दुवै संस्थाको बोर्डका निर्णयमा प्रभावकारी भिटो प्रयोग गर्दै आएको छ । यी संस्थाको बौद्धिक दिशा रेगन र थ्याचरले अपनाएका विचारबाट प्रभावित छन् । तथापि, डब्लुटीओ भने अझै ‘एक देश, एक मत’ को सिद्धान्तमा अघि बढिरहेको छ, जुन पहल कार्यान्वयनको नेतृत्व पनि अमेरिकाले नै गरेको थियो । सारमा, भूमण्डलीकरण अमेरिकाको नेतृत्वमा संसारलाई एउटै ढाँचामा ढाल्ने प्रयोग थियो । यसबाट सबैले समान रूपमा फाइदा नपाए पनि संसारको ठुलो भागले यसलाई अँगालेको थियो । केही ठुला र प्रभावशाली देशले बढी लाभ उठाइरहेका थिए । यसैको सहायतामा चीन र भारतजस्ता ठुला देश आफ्ना करोडौँ नागरिकलाई गरिबीबाट बाहिर निकाल्न सफल भए । यो उपलब्धि संयुक्त राष्ट्र विकास कार्यक्रम वा सहायता प्रयासमार्फत कहिल्यै सम्भव थिएन ।

समग्रमा, भूमण्डलीकरणको युगमा एसियाले अफ्रिका र ल्याटिन अमेरिकाभन्दा राम्रो प्रदर्शन गऱ्यो । र, विश्वव्यापीकरणको युग पूर्णत: अमेरिका नेतृत्वको एकध्रुवीय विश्वका रूपमा परिभाषित रह्यो । तर, सन् २००८ को विश्वव्यापी वित्तीय सङ्कटमा अमेरिकाको घरमै स्वतन्त्र बजार अर्थतन्त्रले नराम्रो धक्का खायो । त्यस सङ्कटमा आमसर्वसाधारण तथा कामदारले आफ्नो जागिर गुमाउँदा ‘नाफामुखी’ बैङ्कर र वित्तीय संस्थालाई भने सरकारले उद्धार गऱ्यो । यसले स्वाभाविक रूपमा क्रोध र प्रतिक्रिया उत्पन्न भयो । ट्रम्प त्यही आक्रोशपूर्ण प्रतिक्रियाका अभिव्यक्ति थिए । अमेरिकाका लागि वास्तविक खतराका रूपमा चीनको उदयले ती डरलाई अझ बढायो, ट्रम्पको उदयलाई थप बढावा दियो ।



ट्रम्पले दोस्रो कार्यकाल सम्हालेयता अहिले सन् १९४५ देखि अझ विशेषत: सन् १९९१ पछि अमेरिका आफैँले सम्हालेर जोगाएको व्यवस्थालाई तोड्न सुरु गरेका छन् । यसमा व्यापार पहिलो निसाना बनेको छ । सम्भवत: भूमण्डलीकरणको असर अमेरिकाका निर्माण क्षेत्रका औसत अमेरिकी मतदाताले समेत भोगेका थिए । त्यसपछि पुरानो विश्व व्यवस्था जोगाउने खडा गरिएका संस्थाहरू स्वाभाविक रूपमा लक्ष्य बने । आफ्नो इतिहासको प्राय: समय अप्रभावी रहेको राष्ट्र सङ्घ एउटा सजिलो निसाना बनेको छ । ध्यान दिनुपर्ने कुरा, ट्रम्पले अमेरिकालाई सम्पूर्ण संरचनाबाट बाहिरिनुको सट्टा त्यसमा चुनिएका संस्था र एजेन्सीबाट मात्र अलग गरेका छन् ।

बहुध्रुवीयताको तमाम चर्चाका बाबजुद ट्रम्पलाई थाहा छ कि संसार अहिले पनि एकध्रुवीय नै छ । व्यापारदेखि युद्धसम्म जोसँग शक्ति छ, उसले जे गरे पनि सही ठहरिरहेकै छ । भविष्यमा कुनै समय चीन अमेरिका हाराहारीको शक्ति बन्ला । त्यसपछि भने संसार फेरि परिवर्तन हुनेछ । त्यतिञ्जेलसम्म भने यस खण्डित विश्वमा अमेरिकाले लिने अडानविरुद्ध जान जोकसैले एकपटक सोच्नैपर्ने हुन्छ ।

*(नायर भारतीय थिङ्क ट्याङ्क वेदान्तका प्रमुख अर्थशास्त्री हुन् ।)*

*- द प्रिन्टबाट*

# सुदूरपश्चिम : सर्पदंशबाट तीन वर्षमा एक हजार नौ सयभन्दा बढी प्रभावित

कञ्चनपुर, २२ माघ । सुदूरपश्चिम प्रदेशमा सर्पदंशबाट पछिल्लो तीन वर्षको अवधिमा एक हजार नौ सय २६ व्यक्ति प्रभावित भएका छन् । तीमध्ये एक सय ५४ जनालाई विषालु सर्पले टोकेको स्वास्थ्य निर्देशनालयको तथ्याङ्कमा उल्लेख छ ।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालय डोटी दिपायलका किटजन्य रोग अधिकृत हेमराज जोशीका अनुसार आर्थिक वर्ष २०८२/८३ को हालसम्म पाँच सय ८७ जनालाई सर्पदंशबाट प्रभावित भएका छन् । तीमध्ये १७ जनालाई विषालु र पाँच सय ७० जनालाई विषरहित सर्पले टोकेको छ ।

यस्तै, आर्थिक वर्ष २०८१/८२ मा आठ सय २७ जनालाई सर्पदंश लागेको थियो । यसमध्ये ४६ जनालाई विषालु र सात सय ८१ जनालाई विषरहित सर्पले टोकेको थियो । आर्थिक वर्ष २०८०/८१ मा भने पाँच सय १२ जना सर्पदंशबाट प्रभावित भएका थिए । तीमध्ये ९१ जनालाई विषालु र चार सय ४१ जनालाई विषरहित सर्पले टोकेको थियो ।

प्रदेशका कैलाली र कञ्चनपुर जिल्ला सर्पदंशको उच्च जोखिममा रहेका छन् । तराई क्षेत्र, घना बस्ती, खेतबारी, खोलानाला तथा झाडी धेरै भएका कारण यी जिल्लामा सर्पको आवागमन बढी हुने गरेको अधिकृत जोशीले बताउनुभयो ।

उहाँका अनुसार सुदूरपश्चिममा सर्पदंशका घटनामा गोमन), करैत लगायतका विषालु सर्पको टोकाइ बढी देखिने गरेको छ । विशेषगरी रातिको समयमा करैत सर्पले सुतिरहेको अवस्थामा टोक्ने घटना बढी हुने गरेको उहाँको भनाइ रहेको छ । विशेषगरी वर्षायाम तथा खेतीपातीको समयमा सर्पदंशका घटना बढ्ने गरेका छन् । जेठदेखि असोज महिनासम्म खेतमा काम गर्ने, राति घर वरपर सर्प पस्ने तथा बाढी–डुबानका कारण सर्प बस्तीमा पस्ने समस्या बढ्ने हुँदा सो अवधिमा अस्पतालमा सर्पदंशका बिरामीको चाप बढी हुने गरेको छ ।

स्वास्थ्यकर्मीहरूका अनुसार सर्पले टोकेपछि पनि धेरैजसो बिरामी अस्पताल जानुको सट्टा झारफुक, धामी–झाँक्री र घरेलु उपचारमा निर्भर हुने गरेका छन् । जसले गर्दा ज्यान जोखिममा पर्ने अवस्था सिर्जना हुने गरेको छ । "सर्पले टोकेपछि समयमै अस्पताल पुगेर 'एन्टी स्नेक भेनम' सुई लगाउन सके विषालु सर्पले टोकेका बिरामीलाई बचाउन सकिन्छ," कञ्चनपुरको देखतभूली स्वास्थ्य चौकीका प्रमुख लिलाकान्त झाले भन्नुभयो, "ढिलाइ हुँदा भने ज्यान जाने जोखिम बढ्छ ।" हाल सुदूरपश्चिमका नौवटै जिल्लामा सर्पदंशको प्राथमिक उपचार सेवा उपलब्ध भए पनि जटिल प्रकृतिका बिरामीलाई भने सुविधासम्पन्न अस्पतालमा रिफर गर्नुपर्ने बाध्यता रहेको छ । ग्रामीण तथा दुर्गम क्षेत्रका सर्पदंशका बिरामीलाई सडकको असुविधा र यातायात सेवाको अभावका कारण समयमै अस्पताल ल्याउन कठिनाइ हुने गरेको स्वास्थ्यकर्मीहरू बताउँछन् ।

तराईका जिल्लामा नेपाली सेनाले विभिन्न स्थानमा स्थानीय तहको समन्वयमा सर्पदंश उपचार केन्द्र सञ्चालन गर्दै आएको छ । यसले आकस्मिक अवस्थामा बिरामीको ज्यान जोगाउन सहयोग पुर्‍याएको छ । *(रासस)*

**हार्दिक समवेदना**



जन्म
२००३।०४।०५

स्वर्गारोहण
२०८२।१०।१४

यस बचतका संस्थापक सदस्य नारायणप्रसाद ह्यौंमिखाका पूजनीय पिता **नारांभक्त ह्यौंमिखा**को असामयिक निधन भएको आज दसौं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**स्वर्णिम बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह-९, भक्तपुर

**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**संस्थाको ऋण सुविधा उपयोग गरौं**

**आकस्मिक व्यवसायिक ऋण**

वार्षिक ६.५% ब्याजदरमा



- व्यवसाय सुरू तथा विस्तार गर्न ।
- चालु व्यवसायमा थप पुँजी लगानी गर्न ।
- हाललाई अधिकतम **दुई करोड**सम्मको लगानी ।




वार्षिक ६.५% ब्याजदरमा

**नव उद्यम ऋण**

- स्वदेशमै नयाँ व्यवसाय सुरू गर्न ।
- हाल अधिकतम **पच्चीस लाख**सम्मको लगानी ।

* सर्तहरू लागू हुनेछ ।

**गतिविधि**





शिक्षा उपसमितिको आयोजनामा सम्पन्न अनिवार्य शिक्षा शिविरमा मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा र कार्यक्रममा सहभागी सदस्यहरू । (माघ २१)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रयातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

# नेमकिपा प्रकाशस्तम्भ हो

भक्तपुर, २२ माघ । नेपाल मजदुर किसान पार्टीका सचिव एवम् भक्तपुर क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवार प्रेम सुवालले बिहीबार चाँगुनाराण नगरपालिका वडा नं ५, छालिङ खड्का गाउँका स्थानीय जनतासँग भेट गर्नुभयो ।

स्थानीय जनतासँगको भेटमा सचिव सुवालले भन्नुभयो, "शासक दलहरूले जनतालाई सार्वजनिक ऋण ३० खर्ब बोकाए; युवालाई वैदेशिक रोजगारीको नाममा बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बनाए । युवा बेच्ने र कृषिप्रधान देश नेपाललाई चाहिने खाद्यान्नसमेत विदेशबाट किन्नुपर्ने स्थितिमा पुर्‍याउने सरकारहरू जनताका होइनन् ।"

पटक-पटक सरकारमा गएका शासक दलहरूले देशको सन्तुलित विकास गर्न नसकेको र जिल्ला जिल्लाबाट सांसद जितेका शासक दलका नेताहरूले काठमाडौँमा घरजम गरी बसेको हुँदा देशको सन्तुलित विकास नभएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टी राति उज्यालो दिने चन्द्रमा र समुद्रमा जहाजलाई बाटो देखाउने 'प्रकाशस्तम्भ' जस्तै हो । नेपाल मजदुर किसान पार्टीका निर्वाचित प्रतिनिधिहरूले संसद्मा पुगेर नेपालको राजनीतिलाई सही बाटो देखाउनेछन् ।"

सचिव सुवालसमेत नेपाल मजदुर किसान पार्टीका साथीहरूको टोली पार्टीका शुभचिन्तक चानपा ५, छालिङका राजन खड्काकी ममतामयी आमा धनकुमारी खड्का (निधन-२०८२ माघ १८ गते) र कमलबहादुर खड्काको बुहारी तथा रामहरि खड्काकी पत्नी द्रौपदा खड्का (निधन-२०८२ माघ १० गते) को असामयिक निधनमा श्रद्धाञ्जली प्रकट गर्न सम्बन्धित परिवारजनको घरमा पुग्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजू, नेमकिपा चाँगुका अध्यक्ष न्हुछेभक्त फोजू, वाग्मती प्रदेशसभाका सदस्य गीता काफ्ले, नेक्रायुसङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटा र नेमकिपाका कृष्णबहादुर खड्कालगायत टोलीमा संलग्न हुनुहुन्थ्यो ।

## माघ २४ गते प्रगतिशील गीत प्रतियोगिता हुने

भक्तपुर, २२ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा भक्तपुर नगरव्यापी प्रगतिशील गीत प्रतियोगिता माघ २४ गते शनिबार भनपा वडा नं. १० दथुत्व-थालाछेँमा हुने भएको छ ।

'देश र जनताको नि:स्वार्थ सेवा गरौं, समाजवादी प्रचार अभियान अगाडि बढाऔं' नारा रहेको उक्त प्रतियोगितामा समाजमा भएका सामाजिक कुरीति तथा राजनीतिमा भएका बेथितिहरूलाई उदाङ्ग्याउने र जनतालाई शिक्षित गर्ने गीतहरू प्रदर्शन हुने आयोजक समितिले जनाएको छ ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईको प्रमुख आतिथ्यमा हुने उक्त प्रतियोगितामा भक्तपुर नगरभित्रका २३ वटा टोलीहरूले सहभागिता जनाएको आयोजक समितिका अध्यक्ष लक्ष्मीप्रसाद चवालले जानकारी दिनुभयो ।

उक्त कार्यक्रमले समाजमा व्याप्त विकृति, विसङ्गति, कुरीति, अन्धविश्वास औँल्याई समाधानका उपायहरू जनतामाझ पुर्‍याउने; अन्याय, अत्याचार, भ्रष्टाचारविरुद्ध आवाज उठाई जनतालाई सुसूचित गरी सचेत र सङ्गठित गर्न सहयोग हुने आयोजक समितिले जनाएको छ ।

प्रतियोगिता बिहान १० बजेदेखि सुरु हुनेछ ।

**ख्वप...**

र मूल्याङ्कनमा पनि कलेजले जोड दिनुपर्छ भन्नुभयो ।

Peer review team का सदस्य प्रा.डा. हरिदर्शन श्रेष्ठले भक्तपुर नपाबाट सञ्चालित कलेजप्रति विद्यालय व्यवस्थापन समिति, प्राध्यापक, विद्यार्थी, कर्मचारी, जनसमुदायको प्रतिबद्धता उल्लेखनीय रहेको बताउँदै कलेजका सबै विषयहरूमा विद्यार्थी सङ्ख्या उत्साहजनक रहेको बताउनुभयो ।

अर्का सदस्य प्रा.डा. रजनी मल्लले कलेजको शैक्षिकलगायतका वातावरण प्रशंसनीय रहेको बताउँदै कलेजका प्राध्यापकहरूलाई पीएचडी अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

**जनतालाई...**

आधार किसान आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, वैदेशिक हस्तक्षेप आदि रहेको उल्लेख गर्दै विदेशीसामु नझुकी देश र जनताप्रति समर्पित पार्टी नेमकिपा हो भन्नुभयो ।

रामकृष्ण बखुन्छेँको सभापतित्वमा भएको सो कार्यक्रममा राजेन्द्र बखुन्छेँ, श्याम बिसुङ्के, राधेश्याम भुजु र राधा मग्रान्तीले पनि बोल्नुभएको थियो ।

भेलाले रामकृष्ण बखुन्छेँको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गरेको छ ।

## बयान फेर्ने भक्तपुर मालपोतका दुईजना पूर्वकर्मचारीविरुद्ध मुद्दा दायर

काठमाडौँ, २२ माघ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी साक्षीका रूपमा पेस गरिएका दुई व्यक्तिले अदालतमा प्रतिकूल बकपत्र गरेको भन्दै उनीहरूविरुद्ध नै विशेष अदालतमा मुद्दा दायर गरिएको छ । भक्तपुर चाँगुनारायण नगरपालिका-४ बस्ने तेजबहादुर तामाङ र सानुकान्छा तामाङविरुद्ध बिहीबार आयोगले आरोपपत्र दायर गरेको हो ।

यसअघि भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरका प्रमुख मालपोत अधिकृत कुमार आचार्य र कार्यालय सहयोगी टीकाराम राउतले मोही जग्गा दर्ता गरिदिने बहानामा २४ लाख ५० हजार रुपैयाँ घुस लिएको अभियोगमा आयोगले मुद्दा चलाएको थियो । उक्त मुद्दामा तेजबहादुर र सानुकान्छालाई सजायमा पूर्ण छुट दिई सरकारी साक्षीका रूपमा पेस गरिएको थियो ।

तर, उनीहरूले २०८२ भदौ २३ गते विशेष अदालतमा बकपत्र गर्ने क्रममा आयोगमा गरेको अनुसन्धानको बयानको ठीकविपरीत हुने गरी बयान दिएको आयोगले जनाएको छ । अनुसन्धानको क्रममा उनीहरूले घुस दिएको कार्य पुष्टि भए पनि अदालतमा बयान फेरेपछि आयोगले उनीहरूलाई पनि प्रतिवादी कायम गरेको हो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेले उनीहरूविरुद्ध २४ लाख ५० हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद र बिगो बमोजिम जरिवानाको माग दाबी लिइएको बताउनुभयो ।

## कोइला अभावले टक्सारको परम्परागत धातु उद्योग सङ्कटमा

भोजपुर, २२ माघ । यहाँको ऐतिहासिक टक्सार बजार औद्योगिक, व्यापारिक तथा सांस्कृतिक पहिचान बोकेको क्षेत्रका रूपमा चिनिन्छ । यहाँ विगत लामो समयदेखि परम्परागत धातुका सामग्री–विशेषत: कांस, तामा र पित्तलका भाँडाकुँडा तथा अन्य सामग्री–निर्माण हुँदै आएको छ ।

पुस्तौँदेखि निरन्तर चल्दै आएको यो परम्परागत पेसा पछिल्लो समय धातु पगाल्न आवश्यकपर्ने कोइलाको अभावका कारण सङ्कटमा पर्दै गएको छ । पञ्चायतकालदेखि बहुदलीय व्यवस्था स्थापनासम्म टक्सारमा सञ्चालनमा रहेका धातु उद्योगले लाखौँ रूपैयाँ मूल्य बराबरका सामग्री उत्पादन गर्दै आएका थिए ।

यहाँ उत्पादित कांसका भाँडाकुँडा तथा अन्य सामग्री जिल्लासँगै तराईका विभिन्न सहरमा पुग्ने गर्थे । तर, आवश्यक कोइला, कच्चापदार्थको अभाव, लागत वृद्धि र पेसाप्रति नयाँ पुस्ताको आकर्षण घट्दै जाँदा पछिल्लो समय टक्सार बजार क्रमश: सुनसान बन्दै गएको स्थानीयवासी विनोद ताम्राकारले बताउनुभयो ।

यहाँका घरेलु उद्योग सञ्चालकको सबैभन्दा ठूलो समस्या कोइला अभाव नै भएको उहाँको भनाइ छ । उद्योग सञ्चालनका लागि आवश्यक कोइला बजारमा सहज रूपमा नपाइने भएपछि आफैँले रुख काटेर कोइला बनाउनुपर्ने बाध्यता रहेको उहाँले जानकारी दिनुभयो ।

"कांसको काम सुरु गरेदेखि अन्त्यसम्म कोइला अनिवार्य पर्छ", उहाँले भन्नुभयो, "अहिले कोइला पाउन निकै कठिन छ, कोइलाको अभावकै कारण धेरै कालीगढ पेसा छाड्न बाध्य भएका छन् ।"

दसकौँ अघि सयौँको सङ्ख्यामा सञ्चालनमा रहेका धातु उद्योग अहिले आएर पाँच वटामा मात्र सीमित भएका छन् । कोइला मात्र होइन, मैनलगायत अन्य स्थानीय कच्चापदार्थ पनि सहज रूपमा नपाउँदा पेसा धान्न झनै कठिन बन्दै गएको अर्का स्थानीय सुरजबहादुर उदासले बताउनुभयो ।

"कोइलाबिना कांसको काम सम्भव नै हुँदैन", उहाँले भन्नुभयो, "कांस पगाल्न, मैन पगाल्न सबैमा कोइला चाहिन्छ, अहिलेको अवस्थामा कोइलाको कारणले पेसा जोगाउने कि छाड्ने भन्ने अवस्थामा पुगेका छौँ ।"

स्थानीयका अनुसार राणा तथा पञ्चायती शासनकालमा विशेष प्रसिद्धि कमाएको टक्सारको धातु उद्योगले स्थानीय रोजगारी सिर्जना गर्नुका साथै क्षेत्रीय अर्थतन्त्रलाई चलायमान बनाएको थियो । तर, पछिल्लो समय स्थानीयवासीको पलायन, कच्चापदार्थको अभाव, आधुनिक उद्योगसँग प्रतिस्पर्धा गर्न नसक्नु र सरकारी सहयोगको कमीका कारण यो परम्परागत उद्योग क्रमश: घट्दै बन्दै गएको छ ।

स्थानीयवासीले टक्सारको ऐतिहासिक पहिचान जोगाउन कोइला आपूर्तिमा सहजीकरण, परम्परागत उद्योग प्रवर्द्धनका कार्यक्रम र कालीगढलाई लक्षित राहत तथा प्रोत्साहनका नीति आवश्यक रहेको बताउँदै आएका छन् । *(रासस)*

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा